मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily



ठाकुरलाई राष्ट्रपतिको उम्मेदवार बनाउ
पृष्ठ २ मा

वर्ष १ | अंक १०५ | २०७९ साल फाल्गुन १० गते बुधबार | Wednesday 22, Feb. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# प्रेमीले अर्कैसँग विवाह गरेपछि युवतीको बिच्चली

*आरोपित भन्छन् 'प्रेम सम्बन्ध थिएन, फ्रेण्डसीप मात्रै थियो'*

विनय कर्ण

सप्तरी, ९ फागुन । सप्तरीको छिन्नामस्ता गाउँपालिका २ बस्ने २२ बर्षीय एक युवतीको प्रेमीले अर्कै संग विवाह गरेपछि उनी अलपत्र परेकी छिन ।



युवतीले राजविराजमा पत्रकार सम्मेलन गरी छिन्नामस्ता गाउँपालिका ६ का २७ बर्षिय कपिलदेव मुखियाले आफु संग प्रेम सम्बन्ध राखेर १ फागुनमा अर्कैसंग विवाह गर्दा आफु अलपत्र परेको बताईन् ।

"३ बर्षदेखी हामीबीच प्रेम सम्बन्ध थियो । कपिल मुखियाले मलाई प्रेमजालमा पारेर पटक-पटक शारिरीक सम्बन्ध कायम गरी अढाई महिनाको गर्भ बोकाएर गर्भपतन गर्न लगाएको हो" उनले आरोप लगाईन् ।

एक महिना पहिले प्रेम विवाह गरी गाउँबाट दुबैजना राजविराजमा डेरा लिएर सँगै बसेको बताउँदै पीडित युवतीले भनिन्, "पेटमा अढाई महिनाको बच्चा रहेको सुन्दा उनी घर छोडेर हिडे ।"

मुखियाले दवाव दिएर अढाई महिनाको गर्भपतन गर्न बाध्य पारेको उनले बताईन । आफुलाई राजविराजमा राखेर अर्कैसंग विवाह गर्न लागेको जानकारीमा आएपछि मुखियाको घरमा जाने प्रयास गर्दा मान्छे लगाएर आफुलाई याताना दिएको पीडित युवतीको भनाई छ । मुखियाले अर्कैसंग विवाह गर्ने दिन १ फागुनमा मान्छे लगाएर आफुलाई बिष सेवन गराई बेहोस पारेको युवतीले संचारकर्मीहरुलाई बताईन् ।

"मुखियाको घर जाँदै गर्दा दिनको १२ बजे बाटैमा अपहरण शैलीमा जय नारायण मण्डल, पन्चु मण्डल र संतोष मण्डलले मलाई विष सेवन गराई बेहोस पारेको थियो" पीडित युवतीले भनिन् "घरछोडेर भागेपछि कसरी घर फर्कनु ? आमा बाबु र समाजले घर जान रोक लगाएको छ ।"

पत्रकार सम्मेलन पश्चात आफ्नो पीडा पत्रकार सम्मेलन मार्फत सार्वजनिक

*- बाँकी पृष्ठ ६ मा*

# सबैको अपनत्व नभएसम्म

## मैथिलीमाथि संकट : सभामुख मण्डल



मधेशदृष्टि

जनकपुरधाम, ९फागुन । मैथिली भाषामाथी संकट रहेको बताउंदै भाषा प्रतिको अपनत्व विस्तार गर्नुपर्नेमा वक्ताहरुले जोड दिएका छन् ।

मंगलवार मैथिली विकास कोषद्वारा जनकपुरधाममा आयोजित अन्तराष्ट्रिय मातृभाषा दिवस २०२३ मातृभाषामा शिक्षा विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले मैथिली भाषाप्रति अपनत्व नबढेसम्म संकट रहने बताएका छन् ।

उनले भने मैथिली भाषा सिमित जातजातीको मात्र भाषा रहेको सन्दर्भ र हल्ला विस्तारिदै गएकाले मैथिली भाषाका लागि यो कुरा विष जस्तै भएको र सबैको अपनत्व नबढे संकट रहिरहनेछ । उनले तिन तहको सरकार र संघिय प्रणालीमा समेत प्राथमिक शिक्षामा मैथिली भाषाको पढाई सुरु हुन नसक्नु

*- बाँकी पृष्ठ ६ मा*







# बिजनेश नपाउंदा संसद शून्य समयमै सिमित हुने

मधेशदृष्टि
काठमाडौ, ९ फागुन । सरकारले संसद्लाई बिजनेस नदिँदा यस पटकको हिउँदे अधिवेशन शून्य र विशेष समयमै सीमित हुने देखिएको छ ।

सांसदहरुले बिजनेश नभएकै कारण राम्रोसँग काम गर्न नसकेको गुनासो गर्न थालेका छन् । वर्तमान संसद् प्राविधिक कुराहरूमा अल्झिँदा संसदीय अन्य गतिविधिहरू हुन सकेका छैनन् । संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले अघिल्लो प्रतिनिधि सभापछि निष्क्रिय भएका विधेयकहरुलाई पुनः दर्ता गर्नेगरी सरकारले हालसम्म कुनैपनि विधेयक नल्याएको बताएका छन् । अघिल्लो प्रतिनिधि सभाको कार्यकाल सकिएपछि २७ वटा विधेयक निष्क्रिय भएकामध्ये सम्पत्ति शुद्धीकरण मनि लाउण्डरिङ निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयक दर्ता भएपनि अन्य कुनैपनि विधेयकहरू सरकारले संसद् सचिवालयमा दर्ता नगराएको बताए ।

उनले संसदमा बिजनेस सरकारले दिने भएकाले सरकारले दर्ता गरेको अवस्थामा विधेयकहरू सचिवालयमा आएर रोकिने अवस्था नरहेको स्पष्ट पारे । उनले हालसम्म प्रतिनिधि सभामा ४ वटा विधेयक र राष्ट्रिय सभामा ९ वटा विधेयक विचाराधीन अवस्थामा रहेको बताए ।



उनले प्रतिनिधि सभामा सम्पत्ति शुद्धीकरण मनि लाउण्डरिङ निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकका साथै राष्ट्रिय सभाबाट प्रतिनिधि सभामा सन्देशसहित तीन वटा विधेयक रहेको उल्लेख गरे । उनले प्रतिनिधि सभामा खाद्य स्वच्छता तथा गुणस्तर विधेयक पेस भइसकेको पनि बताउनु भयो । प्रवक्ता गिरीले प्रतिनिधि सभाको आगामी बैठकमा सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक पेस हुने सम्भावना रहेको बताए । उनले भने, 'आजका मितिसम्म प्रतिनिधि सभामा ४ वटा विधेयक र राष्ट्रिय सभामा ९ वटा विधेयक विचाराधीन अवस्थामा छन् । प्रतिनिधि सभामा सम्पत्ति शुद्धीकरण, मनि लाउण्डरिङ, निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक छ भने राष्ट्रिय सभाबाट प्रतिनिधि सभामा सन्देशसहित तीन वटा विधेयक प्राप्त भएका थिए । अनुगमन तथा मूल्यांकन विधेयक, २०७६, अभिलेख संरक्षण पहिलो संशोधन विधेयक, २०७७, खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ सन्देशसहित प्राप्त भएको थियो । राष्ट्रिय सभामा ९ वटा विधेयकहरू विचाराधीन छन् ।

प्रक्रियाको कुरा गर्दा प्रतिनिधि सभामा खाद्य स्वच्छता तथा गुणस्तर विधेयक पेस भइसकेको अवस्था छ । प्रतिनिधि सभाको आगामी बैठकमा सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक पेस हुने सम्भावना रहेको छ । अन्य दुई विधेयक सन्देश प्राप्त भएर वितरणमा गएका छन् । यता नेपाली काँग्रेसबाट प्रतिनिधि सभा सदस्य एवं पार्टी प्रवक्ता डा. प्रकाशशरण महतले सरकारले संसद्लाई बिजनेस दिन नसकेको बताए । उनले सरकारलेसंसद् कहिलेसम्म चल्ने हो भन्ने सुनिश्चितता दिन नसकेकाले सांसदहरुले संसदमा आएका विधेयकहरुमा ध्यान दिन नसकिरहेको बताए । सरकारले संसद्को निश्चित अवधि, विषयवस्तुको बारेमा सांसदहरुलाई जानकारी दिए सरकारले ल्याउने विधेयकहरुमा सांसदहरुले पनि पूर्ण ध्यान केन्द्रित हुने बताए । उनले वर्तमान सरकारले एक दिन संसद् बोलाउने र लामो समयसम्म संसद् बैठक नबोलाउँदा सांसदहरु गृहजिल्लातर्फ जाने र संसदमा ध्यान केन्द्रित नहुने गरेको बताए । उनले भने, 'हाम्रो स्पष्ट सोच छ । एक दिन संसद् बस्ने, खासै बिजनेस नहुने, सांसदहरु आवतजावत गरिरहनुपर्ने, यो परिस्थिति ठिक होइन । सरकारले निश्चित अवधिसम्म यी विधेयकमा यी विषयवस्तुमा संसदमा सघन रूपमा छलफल हुन्छन्, निरन्तर रूपमा छलफल हुन्छन्, ती कामहरु नसकिएसम्म छलफल हुन्छ, भन्ने सुनिश्चितता भयो भने सम्पूर्ण प्रतिनिधि सभा सांसद साथीहरुको ध्यान पनि त्यतातिर सम्पूर्ण रूपमा केन्द्रित हुन्छ ।

सांसद डा. महतले सरकारले संसद्लाई बिजनेस दिन नसक्दा संसदीय उपलब्धि धेरै हुन नसकेको बताए । उनले संसदीय समितिहरू अहिलेसम्म पनि बन्न नसक्नुले संसद्को गरिमा, औचित्य, जिम्मेवारी पूरा गर्ने काममा समस्या आएको बताए । राजनीतिक दलको दाउपेचले संसद् छायाँमा पर्दै गएको छ । संघीय संसद्को यो अधिवेशन लगत्तै बजेट अधिवेशन पनि सम्मुखमा छ । संसदमा रहेका राजनैतिक दलहरु अहिले कसलाई राष्ट्रपति बनाउने भन्ने कसरतमा लागेका छन् । यसैले फागुन २५ गतेसम्म त्यसै रस्साकस्सी समय जानेछ ।

# महन्थ ठाकुरलाई राष्ट्रपतिको उम्मेदवार बनाउ



मधेशदृष्टि
जनकपुरधाम, ९ फागुन । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरलाई राष्ट्रपतिको उम्मेदवार बनाउन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग आग्रह गरेका छन् ।

मंगलवार पार्टी अध्यक्ष ठाकुरसँग बालुवाटार पुगेका पार्टीका नेताहरु राजेन्द्र महतो, शरतसिंह भण्डारी, सर्वेन्द्रनाथ शुक्ल र अनिल झाले राष्ट्रिय सहमतिको राष्ट्रपति उम्मेदवार बनाउन प्रधानमन्त्री प्रचण्डसँग आग्रह गरेका हुन् । उनीहरुले 'गणतन्त्र, संघीयताको पक्षमा आवाज उठाउने र १२ बुँदे सहमतिदेखि नै यस दिशामा काम गरेको मान्छे महन्थ ठाकुरजी हुनुहुन्छ' ठाकुरसँगै बालुवाटार पुगेका नेता शुक्लले भने, 'उहाँको स्वच्छ छवि छ । उहाँ यसको लागि उपयुक्त पात्र हुनुहुन्छ । त्यसैले उहाँलाई राष्ट्रिय सहमतिको पात्रका रुपमा अगाडि बढाइयोस् भन्न हामी गएका थियौं बताएका छन् ।' प्रधानमन्त्री प्रचण्डले यो प्रस्तावमा आफू सकरात्मक रहेको जवाफ दिएको शुक्लले बताए । आफूहरुले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीसँग पनि ठाकुरलाई राष्ट्रपति उम्मेदवार बनाउन आग्रह गर्ने शुक्लले बताए । महन्थ ठाकुरलाई राष्ट्रिय सहमतिको राष्ट्रपतिमा सहयोगका लागि प्रधानमन्त्रीसँग आग्रह गरिएको पार्टीका कार्यकारिणी सदस्य एकवाल अहमदले पनि बताएका छन् । राष्ट्रपतिमा काँग्रेस, एमाले, माओवादी केन्द्रमा एकअर्का दलहरुको बीचमा सहमति नबनरिहेको बेला राष्ट्रपतिमा ठाकुरलाई प्रस्ताव प्रधानमन्त्री प्रचण्डदेखि कांग्रेसका सभापति शेरबहादुर देउवा, एमालेका अध्यक्ष केपी शर्मा ओलीसमक्ष राख्ने लोसपाको तयारी रहेको उनले बताए । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग बुधबार भेटघाट तय भएको उनको भनाइ छ ।

# राष्ट्रपति निर्वाचनमा तीन मतदाता कम हुने

मधेशदृष्टि
काठमाडौं, ९ फागुन । फागुन २५ गते हुन लागेको राष्ट्रपति पदको निर्वाचनमा तीन मतदाता कम हुनेछ । प्रतिनिधिसभा सदस्य २७५, राष्ट्रियसभा सदस्य ५९ र प्रदेशसभा सदस्य ५५० गरी ८८४ जनाले मतदान गर्न पाउने भएपनि यस पटकको निर्वाचनमा ३ जना मतदाता कम हुनसक्ने निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताएका छन् ।

उनका अनुसार प्रतिनिधिसभाका २७५ मध्ये चितवन-२ बाट निर्वाचित रवि लामिछाने पदमुक्त भएको र मनाङबाट निर्वाचित टेकबहादुर गुरुङ निलम्बनमा परेकोले मतदान गर्न पाउने छैनन् भने अर्का एकजना मतदाताको विषयमा आयोगले निर्णय गर्न बाँकी रहेको छ ।जसको नाम आयोगले खुलाएको छैन ।

महोत्तरी-१ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य लक्ष्मी चौधरी कोइरीले मतदान गर्न पाउने वा नपाउने भन्ने विषयमा आयोग निर्णयमा पुगेको छैन । प्रतिनिधिसभा नियमावली २०७९ राष्ट्रपतिको निर्वाचन अगाडि नै पारित भएको खण्डमा उनले मतदानमा भाग लिन पाउने छैनन् । नयाँ नियमावलीमा कैद भुक्तान गर्नुपर्ने भनी अदालतबाट फैसला भएको र फरार रहेका सांसद निलम्बनमा पर्ने व्यवस्था छ । राष्ट्रपति निर्वाचन तालिका अनुसार निर्वाचन आयोगले बुधबार मतदाता नामावली प्रकाशन गर्नेछ । त्यसपछि दाबी, विरोध र उजुरीका काम हुनेछन् । उजुरीउपर छानबिन फागुन ११ र १२ गते हुनेछ । अन्तिम मतदाता नामावली फागुन १२ गते नै प्रकाशन गर्ने आयोगले कार्यतालिका छ । राष्ट्रपतिका लागि मनोनयन दर्ता फागुन १३ गते हुनेछ । निर्वाचनका लागि सोमवार नै निर्वाचन अधिकृतको कार्यालय समेत स्थापना गरिसकेको छ ।

# सर्लाहीमा तीन प्रतिवादीले गरे आत्मसर्म्पण



मधेशदृष्टि
सर्लाही, ९ फागुन । कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग तथा हातहतियार तथा खरखजना मुद्दामा सर्लाहीमा तीन जना प्रतिवादीले आत्मसर्पण गरेका छन् ।

सर्लाहीको रामनगर गाउँपालिका वडा नं.४ बस्ने ४४ वर्षीय धर्मेन्द्र साह, ३७ वर्षीय राजीव कुमार यादव र ५० वर्षीय देवेन्द्र राय यादवले प्रहरी समक्ष आत्मसर्मपण गरेका हुन् । आत्मसर्पण गरेका तीनै जनालाई सर्लाही जिल्ला अदालतमा फागुन ८ गते पेश गरिएकोमा धरौटीमा रिहा भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

धमेन्द्र २ लाख, राजिब र देवेन्द्र १ लाख ५० हजार, १ लाख ५० हजार धरौटी तिरेर छुटेको कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक कैलाश राईले जानकारी दिए । ०७५ साल कात्तिक १२ गते सर्लाहीको रामनगर गाउँपालिका-४ मा नेपाली काँग्रेस र तत्कालीन नेकपा कार्यकर्ताहरुकाबीच विकास निर्माणको विषयलाई लिएर विवाद उत्पन्न भएको थियो ।

विवादले उग्र रुप लिँदा दुई पक्षबीच झडप हुँदा चलेको गोली पेट र मुखमा लागेर स्थानीय राम विलास महतोको मृत्यु भएको थियो भने राम नरेश महतोको खुट्टा भाँच्चिएको थियो । राम नरेश काँग्रेसबाट निर्वाचित तत्कालिन वडा अध्यक्ष हुन भने मृतक राम विलास उनको काका थिए । त्यसबखत घटनामा संलग्न रहेका अभियुक्तहरु फरार भएका थिए । झण्डै साढे चार वर्षपछि घटनामा संलग्न तीन जनाले प्रहरी समक्ष सोमबार आत्मसमर्पण गरेका हुन् ।

# एक महिनामै १२१ जना लागू औषधसहित पक्राउ

मधेशदृष्टि
जनकपुरधाम, ९ फागुन । एक महिनाको अवधिमा प्रतिबन्धित लागूऔषधसहित मधेश प्रदेशबाट १ सय २१ जना पक्राउ परेका छन् । आर्थिक वर्ष २०७९/८० को माघ महिनामा मात्रै ८४ वटा मुद्दा दर्ता हुँदा १२१ जना पक्राउ परेको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

यस अवधिमा प्रहरीले गाँजा ६८ किलो १२५ ग्राम, ब्राउन सुगर १७ ग्राम ६४० मिलिग्राम, चरेस २९ ग्राम, हिरोईन ४ ग्राम, डाईलेक्स डिसी ११९ लिटर बरामद गरेको छ । त्यस्तै, ट्र्याब्लेट ३ हजार ५८ पिस र इन्जेक्सन २ हजार ५५३ पिस बरामद गरेको प्रहरी प्रवक्ता प्रहरी उपरीक्षक महेन्द्र कुमार श्रेष्ठले जानकारी दिए ।


# महालक्ष्मी सैण्ड वासिङ्ग उद्योग

मधेश प्रदेशको रौतहट जिल्ला अन्तर्गत फतुवाबिजयपुर नगरपालिका कार्यालय वडा न.८ स्थित मिश्रित बालुवाबाट बालुवा प्रशोधन कार्य गर्नको लागि

**आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मिति २०७९/ / )

मधेश प्रदेश अन्तरगत रौतहट जिल्लाको फतुवाबिजयपुर नगरपालिकाको वडा नं. ८ मा महालक्ष्मी सैण्ड वासिङ्ग उद्योग प्रस्तावक द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | महालक्ष्मी सैण्ड वासिङ्ग उद्योग , फतुवाबिजयपुर नगरपालिका वडा न ८, रौतहट, मधेश प्रदेश, नेपाल, फोन नं.: ९७७-९८४५५३२८९३ ईमेलः sudhirkumaryadav631@gmail.com |
| प्रस्तावको व्यहोरा | मधेश प्रदेशको रौतहट जिल्ला अन्तरगत फतुवाबिजयपुर नगरपालिका वडा न. ८ स्थित निजी जग्गाको साबिक लक्ष्मिनिया ४ ख कित्ता नं. १४३ , १४५ र १४६ लगायतका क्षेत्रमा मिश्रित बालुवाबाट बालुवा प्रशोधन कार्य गर्न लागिएको छ। |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गा.पा. | मधेश प्रदेशको रौतहट जिल्लाको फतुवाबिजयपुर नगरपालिका वडा न ८ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली , जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझाबको लागि पत्राचार गर्ने ठेगानाः

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| महालक्ष्मी सैण्ड वासिङ्ग उद्योग<br>फतुवाबिजयपुर नगरपालिका वडा न ८, रौतहट,<br>मधेश प्रदेश, नेपाल, फोन नं.: ९७७-९८४५५३२८९३<br>ईमेलः sudhirkumaryadav631@gmail.com | **सोसियो टेक्निकल रिसर्च एण्ड सर्भिस सेन्टर प्रा. लि.**<br>**ललितपुर म.न.पा.-३ललितपुर**<br>**ईमेल- strascenter@gmail.com**<br>**Mobile: -९८०८२७५३६४** |


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९०<br>५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४<br>५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ । शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदुःख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । नयाँ कामको थालनी पनि हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्यमा समस्या आउला । अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।



महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-८ बजराही गाउँबाट मङ्गलबार बिहान देखिएको सूर्य उदाउँदै गरेको दृश्य । *तस्वीरः सञ्जीतकुमार मण्डल*

# अध्यागमन कार्यालयका लागि भवन अभाव

मधेशदृष्टि
वीरगञ्ज, ९ फागुन । वीरगन्जस्थित एकीकृत सुरक्षा जाँच चौकी आईसिपी परिसरमा अध्यागमन कार्यालयको भवन अभावको कारण समस्या भएको छ । गत जनवरी १ मा आईसीपीस्थित १ कोठामा अध्यागमन कार्यालयको उद्धाटन गरिएको थियो । भारतीय पक्षले आफ्नो भूमितर्फको आईसीपीबाटै तेस्रो मुलुकका पर्यटकको आवागमन गर्ने गराउने गृहकार्य थालेपछि नेपालतर्फ पनि आईसीपीमा हतारमा अध्यागमन कार्यालय सञ्चालन गरिएको हो । हाल वीरगन्जस्थित भारतीय सहर रक्सौलसँग जोडिएको नाकामा अध्यागमन कार्यालयको आफ्नै भवन रहेको र सो भवनमा आवास सहितका कर्मचारी बस्दै आएका छन । तर आईसीपी वीरगन्जमा भने अध्यागमन कार्यालय सञ्चालन गर्न छुट्टै भवन तथा आवासीय सुविधा उपलब्ध नगराइँदा आफूलाई नयाँ कार्यालय सञ्चालन गर्न समस्या भएको अध्यागमन कार्यालय वीरगन्जका निमित्त प्रमुख सुजन तिरुवाले बताए ।

हाल आईसिपी स्थित अध्यागमन कार्यालयमा एउटा कोठामा टेवल राखेर एक जना मात्र कर्मचारी बसेका छन । यता एकीकृत सुरक्षा जाँच चौकी आईसिपी सञ्चालक कम्पनी इन्टर मोडल यातायात विकास समितिका प्रमुख कमल ज्ञवालीले मुख्य भवनमै एउटा ठूलो कोठा र पर्यटन प्रहरी बस्नलाई बुथको व्यवस्थासमेत गरिएको बताए ।

# सडक दुर्घटनामा एक बालकको मृत्यु

मधेशदृष्टि
वीरगञ्ज, ९ फागुन । हुलाकी राजमार्ग अर्न्तगत वीरगञ्ज-ठोरी सडकखण्डमा गाडीको ठक्करबाट १ बालकको ज्यान गएको छ ।

पर्साको ठोरी गाउँपालिका वडा नम्बर ४ बिजयबस्ती निवासी १३ वर्षीय विश्वास श्रेष्ठको ज्यान गएको हो । प्रदेश नं १-०२७-०३०३ नम्बरको स्कारपियोले बिहान ८ बजे ठक्कर दिँदा गम्भीर घाइते उनलाई उपचारका लागि वीरगञ्जस्थित तराई हस्पिटल एण्ड रिसर्च सेन्टरमा ल्याइएको थियो । उपचारको क्रममा बिहान सवा १० बजे उनलाई अस्पतालले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिएका छन् । स्कारपियोसहित चितवनको माडी नगरपालिका वडा नम्बर ३ निवासी चालक पदम बिलास पन्तलाई प्रहरीले नियन्त्रणमा लिएको छ । घटनास्थल जाँच मुचुल्कालगायतका अनुसन्धानसँगै शव पोष्टमार्टमका लागि नारायणी अस्पतालमा पठाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# लघुवितद्धारा किसानहरूलाई तरकारी खेती सम्बन्धि तालिम

आरके श्रीवास्तव
गरूडा,९ फागुन । रौतहटको कटहरिया नगरपालिका वडा नम्बर ६ मा रहेको साधना लघुवित वित्तीय संस्था लि.ले मंगलवार तरकारी खेती सम्बन्धि तालिम दिएको छ । नगरपालिकाको कटहरियामा रहेको विवाह मण्डप भवनको सभाहलमा आफना कारोबार सदस्यहरू लाई एक दिने तरकारी खेती तालिम गराएको हो ।



साधना लघुवित वित्तीय संस्था लि.मा आबद्ध कारोबार सदस्यहरू सिप सिकेर सदुपयोग गरि आर्थिक अवस्था मजबुत पार्ने उदेश्यले सो तालिम दिइएको हो । ग्रामीण विकासको आधार,लघुवितमा प्रविधिको विस्तार भन्ने मूल नाराका साथ मंगलबार सिपमूलक तालिम गराइएको हो ।

सो तालिममा प्रशिक्षक कृषि प्राविधिक प्रदिप कुमार साह र कृषि प्राविधिक प्रियंका यादवले प्रशिक्षण दिएका थिईन । तरकारी खेती तालिममा लघुवित बैंकमा आबद्ध ३० सदस्यहरू सहभागी रहेको शाखा प्रबन्धक रजनिश कुमार प्रजापतिले जानकारी गराए ।

तालिम समापन पछि सहभागीहरूलाई प्रमाणपत्र पनि प्रदान गरिएको थियो । साथै उपस्थित पत्रकारहरूलाई पनि सम्मान गरिएको थियो ।

तालिममा सहभागीहरूलाई फर्सी खेती,घिरौला खेती,साग,लौका लगायतका तरकारीहरूको खेती कसरी गर्ने बारे जानकारी गराइएको थियो । तरकारी खेतीको लागि हावापानी,माटो,मलखाद,सिंचाइ,तरकारीको जात बारेमा विस्तृत रूपमा जानकारी गराइएको थियो ।सो तालिममा साधना लघुवित वित्तीय संस्था जलैया चौकमा कार्यरत सहायक प्रबन्धक अरबिन्द कुमार यादव,कनिष्ठ सहायक कृष्ण राउत, कनिष्ठ सहायक उमाशंकर साह लगायतले सहजीकरण गरेका थिए ।

# भगवान बचत तथा ऋण सहकारी संस्थाको दशौं साधारण सभा सम्पन्न

मधेशदृष्टि, जनकपुरधाम,९ फागुन ।



भगवान बचत तथा ऋण सहकारी संस्थाको दशौं साधारणसभा मंगलबार जनकपुरधाममा सम्पन्न भएको छ । मासुनिल रायको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथिका रुपमा बोल्दै मारबाड़ी सेवा समितिका अध्यक्ष प्रमोद अग्रवालले भगवान बचत तथा ऋण सहकारी संस्थाले सुगम ब्याजमा ऋण दिएर सर्वसाधारण वर्गका लागि संजीवनीको काम गरिरहेको बताए । यो ऋण लिएर साना-साना व्यवसाय गरेर मानिसहरु आफ्नो परिवारको हेरचाह गर्छन् । उनले भने, थोरै रकम जम्मा गरेर, तपाइँ बढी जमा रकम संग आवश्यक काम गर्न सक्नुहुन्छ ।

कार्यक्रममा विशेष अतिथिबाट बोल्दै लोसपाका नेता हिन्दी भाषा अभियानी रमन पाण्डेले भगवान बचत तथा ऋण सहकारी संस्था निकट भविष्यमा नेपालको ठूलो संस्था बन्ने र नेपालमा आफ्नो गौरव फहराउने बताए । उनले वर्तमान शेयरधनी र खातावालाहरु यसको प्रमाण रहेको बताए ।

कार्यक्रममा रमेश कुमार साह, रामकृपाल साह, गौतम अग्रवाल, ललित बजाज, अधिवक्ता विक्रू यादव लगायतका व्यक्तिहरुको उपस्थिती रहेको थियो ।

# फागुन ११ गतेदेखि हातीपाइले रोग विरुद्धको औषधि खुवाइने

मधेशदृष्टि
जनकपुरधाम, ९ फागुन । धनुषामा आउंदो फागुन ११ गतेदेखि हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउन लागिएको छ ।

हात्तीपाइ रोगको प्रकोप बढ्दै गएपछि देशभर सहित धनुषा जिल्लामा पनि प्रतिरोधात्मक औषधि घर-घरमा गएर खुवाइने व्यवस्था गरिएको हो ।

फागुन ११ गतेदेखि ७ दिनसम्म स्वास्थ्यकर्मीहरू घरदैलो अभियान झै प्रत्येक वडाको घरघरमा पुगेर ३ वर्षदेखी माथि उमेरका सबैलाई उचाइ, वजनअनुसार औषधि खुवाइने जिल्ला स्वास्थ्य कार्यालय धनुषाले जनाएको छ । धनुषा जिल्लाको जनक चौकमा फागुन ११ गते औषधि खुवाउने अभियानको थालनी गरिने भएको छ । औषधि सहितको स्वास्थ्यकर्मीहरू धनुषाको १८ वटै पालिकाहरूमा परिचालन गर्ने काम भएको छ ।

दुई वर्ष मुनिका बालबालिका, गर्भवती महिला, ७ दिनसम्मका सुत्केरी, छारे रोगी, सिकिस्त बिरामी तथा २४ घण्टा अगाडी ज्वरो आएका व्यक्तिले मात्र औषधि नखुवाइने जिल्ला स्वास्थ्य कार्यालय धनुषाका स्वास्थ्य अधिकृत शिवजी दासले जानकारी दिए ।



अहिलेसम्म जिल्लामा कति हातीपाइले रोगीहरुको यकिन तथ्यांक नरहेकाले आगामी चैत महिनामा घर-घरमा गएर म्यापिङ्ग गरि रोगको वास्तविक तथ्यांक संकलन गरिने उनले जानकारी समेत दिए ।

जिल्लाको यकिन तथ्यांक नरहेपनि केन्द्रिय तथ्यांक अनुसार प्रति सयमा अनुमानित १५ जना रोगी रहेको उनले बताए । महोत्तरीमा हात्तीपाईले रोगको विरामी फेला परेपछि धनुषामा समेत औषधि खुवाउने अभियान सञ्चालन गर्न लागिएको हो ।

स्वास्थ्यकर्मीहरूको अनुसार हात्तीपाइले रोगको इपिडेमियोलोजी समयमा गर्न सकिएन भने यसले भयावह रूप लिन सक्छ । हात्तीपाइले रोगको धेरैजसो संक्रमण लक्षण विनाको हुन्छ भने पछि गएर अङ्ग सुनिने पनि गर्दछ । कतिपयमा अण्डकोष, केहीमा खुट्टा, केहीमा हात, केहीमा स्तन र शरीरका अन्य अङ्गहरू सुनिने स्वास्थ्यकर्मीहरूको भनाइ छ । यो सुनिएपछि उपचार समेत कमै हुने पनि स्वास्थ्यकर्मीहरूले बताएका छन् ।

धनुषा, महोत्तरी र सिन्धुली गरि तीन जिल्लाको इमप्लिटेशन युनिट रहेकाले महोत्तरीमा हात्तीपाईले रोग फेला परेपछि युनिट नै फेल भएको निष्कर्ष निकाल्दै पुनः अभियान चलाउन थालिएको हो ।

हाल विश्वमा ७२ देशमा हात्तीपाइले रोगी रहेका छन् । ती देशहरूमा ५ करोड १४ लाख हात्तीपाइले रोगका संक्रमितहरु रहेको विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदनमा उल्लेख रहेकाले यस रोगलाई सन् २०३० सम्ममा उन्मूलन गर्ने लक्ष्य सहित संक्रमित मुलुकहरूमा सङ्गठनले निःशुल्क रुपमा औषधि प्रदान गरेर अभियानको रुपमा नागरिकहरूलाई खुवाउने क्रम जारी रहेको छ ।

नेपालमा पनि हात्ती पाईले रोगीको सङ्ख्या ३० हजार रहेको छ । नेपालमा पाईने रोगी मध्ये धेरै रोगीहरू तराई मधेशका जिल्लाहरूमा नै हुने अनुमान गरिइएको छ । मधेश प्रदेशका कतिपय जिल्लाहरूमा १० पटकसम्म हात्ती पाईले रोग विरुद्धको औषधि खुवाउँदा पनि रोगीहरू फेला पर्न रोकिएको छैन ।


# शिवम बालुवा वासिङ्ग उद्योग

मधेश प्रदेशको रौतहट जिल्ला अन्तर्गत बृन्दावन नगरपालिकाको कार्यालय वडा न.१ स्थित
मिश्रित बालुवाबाट बालुवा प्रशोधन कार्य गर्नको लागि

**आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनप्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मिति २०७९/ / )

मधेश प्रदेश अन्तरगत रौतहट जिल्लाको बृन्दावन नगरपालिकाको वडा नं. १, रमौलीमा शिवम बालुवा वासिङ्ग उद्योग प्रस्तावक द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | शिवम बालुवा वासिङ्ग उद्योग, बृन्दाबन नगरपालिका वडा न १, रमौली, रौतहट, मधेश प्रदेश, नेपाल, फोन नं.: ९७७-९८११८२०६६५<br>ईमेलः shivambaluwawashingudyog@gmail.com |
| प्रस्तावको व्यहोरा | मधेश प्रदेशको रौतहट जिल्ला अन्तरगत बृन्दावन नगरपालिकाको कार्यालय वडा न.१ स्थित निजी जग्गाको साबिक रमौली ४-ख कित्ता नं. ३६४, २८०, ३६८, ३६७, ५१, ३६३, २६६, ५०, ३६५, ३१२, ३७३, ३७६, १४०, ३३२, ३७२ र २३८ लगायतका क्षेत्रमा मिश्रित बालुवाबाट बालुवा प्रशोधन कार्य गर्नलागिएको छ। |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गा.पा. | मधेश प्रदेशको रौतहट जिल्लाको बृन्दावन नगरपालिका वडा न १, रमौली |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली , जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

## राय सुझाबको लागि पत्राचार गर्ने ठेगानाः

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| शिवम बालुवा वासिङ्ग उद्योग<br>बृन्दाबन नगरपालिका वडा न १, रमौली<br>, रौतहट, मधेश प्रदेश, नेपाल, फोन नं.: ९७७-९८११८२०६६५<br>ईमेलः shivambaluwawashingudyog@gmail.com | **सोसियो टेक्निकल रिसर्च एण्ड सर्भिस सेन्टर प्रा.लि**<br>**ललितपुर म.न.पा.-३ललितपुर**<br>**ईमेल-** **strascenter@gmail.com**<br>**Mobile:** **९८०८२७५३६४** |

### सम्पादकीय

## मधेश कार्यसम्पादन मूल्याङ्कनमा पनि पछाडि

मधेश प्रदेश भौतिक पूर्वाधारका हिसावले कमजोर छैन । समतल भूमि, खेती योग्य विस्तारित भूक्षेत्र, ठूलो जनसंख्या यसका विशेषता हुन् । मुलुकको अहिलेको शासन प्रणालीमा संघीयताको जग बसाल्ने काम मधेशले गरेको हो । संघीय पद्धतिमा थोरै भएपनि पहिचानको आधारमा सीमाङ्कन भएको एउटै मात्र प्रदेश कुनै छ भने त्यो पनि मधेश प्रदेश नै हो ।राजनीतिक चेतना, प्रजातान्त्रिक आन्दोलन, लोकतान्त्रिक आन्दोलन र मधेश आन्दोलन सबैमा अग्रणी भूमिका र बलिदानी दिने मधेश विकासमा परिसूचकहरुमा भने पछाडि दैखिदैंछ ।

अर्न्तराष्ट्रिय तहमा मुलुकको अनुहार पेश गर्ने मानव विकास सूचकांक( एचडिआइ) मा मधेश मुलुकका अन्य प्रदेश भन्दा कममात्र होइन, सातौवटाको दाजोमा पुछारबाट फस्ट भएको छ । एचडी, औसत आयु, शिक्षा, स्वास्थ तथा प्रतिव्यक्ति आय लगायतका सूचकहरुको गणनाका आधारमा निकालिन्छ । त्यहाँ मधेश सबैभन्दा विकट भनिएको कर्णाली भन्दा पनि पछाडि छ । मानवीय विकास इन्डेक्स सामाजिक परिचय हो ।

निश्चय पनि मधेशको समाजमा सतहमा त्यतिधेरै भिन्नता देखिदैन ।तर, समाजका अर्न्तरकुन्तर, कतिपय देहातमा यति धेरै अशिक्षा, पछौटेपन, गरिबि र रुढिवादीताले घर गरेको छ, त्यसैले प्रदेशकै अन्य क्षेत्रको परिचयलाई धमिलो गरिदिन्छ । मधेशका सबै जिल्लाको अवस्था एकै छैन पनि । तर पनि समग्र मधेशको बिम्ब आउँदा एचडीआईमा सबै भन्दा कम प्वाइन्ट भएको प्रदेश भनेर मधेश दरिएको छ । मधेश प्रदेशको शुन्य दशमलव ५१ छ । मधेश प्रदेश, कर्णाली र सुदुरपश्चिम प्रदेश लो एचडीआईमा पर्दछन् । प्रदेश १ र लुम्बिनी पर्दछन् औसतमा पर्दछन भने मध्यममा बागमती र गण्डकी आउँछन् । मानवीय सूचकांकमा पछि पर्नुका पछाडि अनैको सामाजिक, आर्थिक कारण हुनसक्छन, जुन क्रमिकरुपमा सुधार हुँदै जाने हो, सरकार संवेदनशील, जवाफदेही र गंभिर हुने हो भने ।

हालसालै अर्को सूचकांक पनि आएको छ, त्यहाँ पनि मधेश सबै भन्दा पछाडि छ । प्रदेशहरुको कार्यसम्पादन मूल्याङ्कनमा नेपालले सबै भन्दा कम अंक ल्याएको छ । यस्तो मूल्याङ्कनमा कम अंक ल्याउँनु भनेको संघबाट प्राप्त हुने अनुदान कटौती हुनु हो । संघीय सरकारले प्रदेशहरुलाई विभिन्न शीर्षकमा अनुदान दिन्छ । वित्तिय समानीकरण अर्न्तगतको अनुदान सबै भन्दा कम मधेशले प्राप्त गर्ने भएको छ आगामी आर्थिक वर्ष २०८०/०८१ मा । चालु आर्थिक वर्षमा समेत मधेश सरकारको वित्तिय समानीकरण अनुदानमा कटौती भएको थियो ।अर्थात अघिल्लो वर्ष पनि मधेश सबै भन्दा कम अंक ल्याउने प्रदेश थियो ।

संघले प्रदेशहरुलाई दिन अनुदानको कूल रकम मध्ये ५ प्रतिशत वित्तिय समानीकरण अर्न्तगत राख्दछ र कार्यसम्पादन मूल्याङ्कनका प्राप्त अंकको आधारमा बाँडफाँड हुन्छ ।राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको प्रदेश सरकारको कार्यसम्पादन सूचक सम्बन्धी विवरण अनुसार ७ प्रदेश मध्ये कुनै पनि प्रदेशले ४५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्न सकेका छैनन् । आयोगको विवरण अनुसार प्रदेश नं १ ले सबैभन्दा बढी ४४.३ अंक पाएको छ भने मधेश प्रदेशको कार्यसम्पादन अंक सबैभन्दा कम २०.५ रहेको छ । बागमती प्रदेशले ३६ दशमलव एक, गण्डकी प्रदेशले ३८ दशमलव पाँच, लुम्बिनी प्रदेशले ३४ दशमलव चार,कर्णाली प्रदेशले २५ दशमलव नौ र सुदूरपश्चिम प्रदेशले २६ दशमलव एक अंक पाएको आयोगले जनाएको छ ।

कार्यसम्पादन मूल्याङ्कन एचडीआई जस्तो सामाजिक सूचकांक होइन, जसमा सुधार हुन समय लाग्दछ । समानीकरण अनुदान जनसंख्या, बेरुजु, बजेट खर्च, राजश्व संकलन, कार्यसम्पादन मूल्यांकनलाई आधार मानेर दिने गरिन्छ ।

यसबाट के देखिन्छ भने मधेश प्रदेश शासन संचालन, वित्तिय अनुशासन र बजेट खर्च गर्ने काममा पनि पछि परेको छ । यो समस्या भनेको शासनसत्तामा बस्नेहरु चाहे ति राजनीतिक कर्मी हुन् वा सरकारी कर्मचारी उनीहरुको कमजोरी हो जसको भार प्रदेशले बोक्नु परिरहेको छ । मुलक संघीय प्रणालीमा गएको श्रेय मधेश लिएपछि मधेशलाई संघीय प्रणालीको नमूना प्रदेश बनाउने संकल्प हुनुपर्ने थियो ?

समग्रमा भन्नुपर्दा मधेशको शासनप्रशासन अग्रेजीमा भनिने गर्भनेन्समा अब व्यापक सुधार हुन आवश्यक छ । प्रदेशलाई संस्थागत गर्ने राजनीतिक मुद्धाहरु अझै छन्, निजामति, प्रहरी संघीयता लागु भएको छैन । तर, जे जति अधिकार प्राप्त पाएको छ, त्यसको त सही सदुपयोग हुनुपर्ने होइन ? मधेशको बेरुजु विकराल छ, भष्ट्राचार मौलाएको छ, राजनीतिकर्मी समाजमा सम्मानीत हुन सकेका छैनन् ? जनताले यसको दोष कसलाई दिने ? अपराध, हत्या हिंसामा अगाडि, मानवीय सूंचकांकमा पछाडि, कमजोर शासनप्रशासन र वित्तिय अनुशासनमा फेल भएकै कारण कार्यसम्पादन मूल्याङ्कनमा न्यून अंक प्राप्त भएको हो । यसको को जिम्मेवारी सत्तामा बस्नेले लिनुपर्दछ ? सत्ताधारीको कमजोरीको बोझ प्रदेशका आमनागरिकको थाप्लोमा हाल्न मिल्दैन ।

# आत्मनिर्भर अर्थतन्त्रको भ्रम



– अनिरूद्र न्यौपाने

*आँकडाले नेपाल आन्तरिक उत्पादन र निर्यातमा निकै कमजोर रहेको देखाउँछ तर यसकै आधारमा देश परनिर्भर भयो भन्न मिल्दैन । किनभने आन्तरिक वा वाह्य रोजगारी जुनसुकै रुपमा भएपनि नेपालीले आफ्नै आम्दानीले वस्तु तथा सेवा खरीद गरिरहेका हुन । कसैको अनुदान वा निगाहमा वस्तु विदेशबाट ल्याइएको होइन । जुनसुकै देशबाट वस्तु वा सेवा खरीद हाम्रो अधिकार र विवेकपूर्ण छनोटको कुरा भएकोले यसकै आधारमा नेपाल परनिर्भर भयो भन्ने तर्कलाई किमार्थ सही मान्न सकिदैन ।*



२०४६ सालको परिवर्तन पछिको तत्कालिन सरकारले अघि बढाएको खुला बजार अर्थतन्त्रको नीति र सार्वजनिक संस्थानको निजीकरणको कदमलाई नेपाली अर्थतन्त्र आयातमुखी र विप्रेषणमा निर्भर हुनुको मुल कारणका रुपमा लिनेहरूको निकै ठूलो संख्या नेपालमा छ। त्यसको विकल्पमा सरकारले नै कलकारखाना खोल्नुपर्ने मत राख्नेहरू अहिले पनि छन् । यो अझैसम्म चुनावी राजनीतिको एजेण्डा समेत बन्ने गरेको छ। युवालाई वैदेशिक रोजगारीमा पठाइएको कारणले कृषि र गैर कृषि क्षेत्रमा आन्तरिक उत्पादन बढ्न नसेकेकोले बैदेशिक रोजगारीमा जानमा रोक लगाउनु पर्ने मत पनि बलीयो नै छ। विगतमा खाद्यान्य निर्यात गर्ने नेपालले अर्वौको चामल आयात गरिरहेको सन्दर्भमा अहिले भन्दा पञ्चायती व्यवस्था नै ठिक थियो भन्ने तर्कले पनि स्थान पाइरहेकै छ। यस पृष्ठभूमिमा अत्मनिर्भर अर्थतन्त्र भित्रको आर्थिक र राजनीतिक आयामहरूमा परिचर्चा गर्न लागिएको छ।

पञ्चायती व्यवस्थाको उतरार्द्धबाटै नेपालले राज्य नियन्त्रित अर्थ व्यवस्थाको विकल्पका रुपमा खुला बजार अर्थन्तन्त्रको नीति अघि बढायो। सातौं पञ्चबर्षीय योजना अवधिको प्रारम्भबाटै स्वदेशी उत्पादनको निर्यात कम हुँदै जानु, धानको निर्यात बन्द हुनु, सरकारी संस्थानहरू सरकारका लागि बोझ बन्दै जानु र भुक्तानी असन्तुलनको अवस्था आउनु जस्ता कारणले सरकार नियन्त्रित अर्थव्यवस्थाको विकल्पका रुपमा खुला बजार अर्थतन्त्रको नीति अँगाल्नुपर्ने महशुष तत्कालिन सरकारले गरेको देखिन्छ। निजी क्षेत्रले आधार भूत वस्तुको उत्पादन गरी आन्तरिक आवश्यकता पूरा गर्नसक्ने क्षमता निर्माण नहुँदासम्म सार्वजनिक संस्थानलाई निरन्तरता दिनुपरेको सरकारले आवधिक योजना मार्फत स्वीकार गरेको देखिन्छ। संस्थानहरूले सरकारलाई लाभांश दिन नसक्ने तर सरकारले निरन्तर ऋण र अनुदान दिइरहनु पर्ने भएका कारण संस्थानहरू राज्यको बोझ बन्दै गएको सातौं योजनाले स्वीकार गरेको थियो।

विश्व व्यापार संगठनको सदस्यता प्राप्तिका लागि आधारभूत सर्त तथा मापदण्ड पूरा गर्ने क्रममा तत्कालिन सरकारले सन १९९२ देखि नै उद्योग तथा व्यवसाय नीति तथा कानूनमा परिमार्जनका साथै निजी क्षेत्र र वैदेशिक लगानी प्रवर्द्धनको नीतिगत र आधार भूत संस्थागत प्रवन्ध गरेको देखिन्छ। परिणामतः नेपाल सन २००४ मा विश्व व्यापार संगठनको सदस्य बन्यो। यससँगै खुला बजार अर्थतन्त्रका मुल्य र मान्यता स्विकार गर्ने र आयात तथा निर्यातमा कुनै बन्देज नलगाउने नेपालको प्रतिबद्धता हो। नेपालले विश्व व्यापार संगठन बाहेक अन्य क्षेत्रीय संगठनहरूमा पनि सीमापार व्यापार र खुला बजार अर्थतन्त्रका मान्यता प्रतिको प्रतिवद्धता जाहेर गर्दै आएको छ।

प्रविधि हस्तान्तरणको वातावरण निर्माण, निजी क्षेत्रको सवलीकरण तथा आन्तरिक र वाह्य लगानीको विश्वसनीय वातावरण निर्माणका लागि अन्तर्राष्ट्रिय रुपमा अघि सारिएका सर्तहरू अनुसार प्रजातन्त्र स्थापनापछिको पहिलो जननिर्वाचित सरकारले नीतिगत र संस्थागत परिवर्तन थालेको देखिन्छ। विश्व व्यापार संगठनको सदस्यता प्राप्तिका लागि आधारभूत सर्त तथा मापदण्ड पूरा गर्ने क्रममा तत्कालिन सरकारले सन १९९२ देखि नै उद्योग तथा व्यवसाय नीति तथा कानूनमा परिमार्जनका साथै निजी क्षेत्र र वैदेशिक लगानी प्रवर्द्धनको नीतिगत र आधारभूत संस्थागत प्रवन्ध गरेको देखिन्छ। परिणामतः नेपाल सन २००४ मा विश्व व्यापार संगठनको सदस्य बन्यो। यससँगै खुला बजार अर्थतन्त्रका मुल्य र मान्यता स्विकार गर्ने र आयात तथा निर्यातमा कुनै बन्देज नलगाउने नेपालको प्रतिबद्धता हो। नेपालले विश्व व्यापार संगठन बाहेक अन्य क्षेत्रीय संगठनहरूमा पनि सीमापार व्यापार र खुला बजार अर्थतन्त्रका मान्यता प्रतिको प्रतिवद्धता जाहेर गर्दै आएको छ।

अन्तर्राष्ट्रिय आर्थिक तथा व्यापारिक संघ संगठनको सदस्य बन्ने क्रममा नेपालले स्वदेशी उद्योगलाई धरासायी बनाउने नियतले अस्वाभाविक परिमाणमा वस्तु थुपार्ने प्रवृति रोक्न तथा पाउनुपर्ने स्वभाविक वाहेकका सुविधा वा अनुदानका कारणले न्यून लागत हुन गएका विदेशी उत्पादनसँग स्वदेशी वस्तुले प्रतिस्पर्धा गर्न नसक्ने अवस्था आउन नदिनका लागि एण्टी डम्पिङ र काउन्टरभेलिङ नीति अन्तर्गतका नियन्त्रण बाहेक देश भित्रका मात्र होइन हरेक देशका उत्पादनलाई स्वदेशी सरह व्यवहार गर्ने प्रतिवद्धता नेपालले विश्वसामु गरेको छ। २०४६ पछिका सबै सरकारले खुला बजार अर्थतन्त्रको यहि नीति अवलम्वन गर्दै आएका छन । यसले वस्तु तथा सेवाको आयात र निर्यातलाई खुला गरिदिएको मात्र छैन अपवाद बाहेकका क्षेत्रमा वाह्य लगानीलाई समेत स्विकार गरिएको छ। व्यापार प्रतिस्पर्धामा आधारित हुन्छ र प्रतिस्पर्धा कुनै क्षेत्र विशेष वा देशभित्र मात्र नभई सीमा रहित सोचका आधारमा अन्तर्राष्ट्रिय रुपमा हुन्छ र हुनुपर्छ भन्ने मान्यतालाई बहुदलीय प्रजातन्त्र प्राप्ति पछि सरकारमा गएका नेपालका कुनै पनि राजनीतिक दलले चुनौती दिएका छैनन् । यस पृष्ठभूमिमा उच्च प्रतिषर्धी क्षमता भएका वस्तु तथा सेवालाई प्राथमिकता दिने र भइरहेका कृषि र गैर कृषि उत्पादनको प्रतिस्पर्धी क्षमता बढाउने वाहेक आयात घटाउने र निर्यात बढाउने अर्को कुनै विकल्प नभएको विषयमा साझा बुझाई निर्माणको अपरिहार्यता देखिन्छ। खुला बजार अर्थतन्त्र स्वीकार गर्ने देशमा आत्म निर्भर अर्थतन्त्रको चर्चा गर्नुको लोक रिझ्याई मार्फत तात्कालिक राजनीतिक लाभ लिने वाहेक थप औचित्य छैन।

> *“उच्च प्रतिष्पर्धी क्षमता भएका वस्तु तथा सेवालाई प्राथमिकता दिने र भइरहेका कृषि र गैर कृषि उत्पादनको प्रतिस्पर्धी क्षमता बढाउने वाहेक आयात घटाउने र निर्यात बढाउने अर्को कुनै विकल्प नभएको विषयमा साझा बुझाई निर्माणको अपरिहार्यता देखिन्छ। खुला बजार अर्थतन्त्र स्वीकार गर्ने देशमा आत्म निर्भर अर्थतन्त्रको चर्चा गर्नुको लोक रिझ्याई मार्फत तात्कालिक राजनीतिक लाभ लिने वाहेक थप औचित्य छैन ।*

उच्च प्रतिष्पर्धी क्षमता भएका वस्तु तथा सेवालाई प्राथमिकता दिने र भइरहेका कृषि र गैर कृषि उत्पादनको प्रतिस्पर्धी क्षमता बढाउने वाहेक आयात घटाउने र निर्यात बढाउने अर्को कुनै विकल्प नभएको विषयमा साझा बुझाई निर्माणको अपरिहार्यता देखिन्छ। खुला बजार अर्थतन्त्र स्वीकार गर्ने देशमा आत्मनिर्भर अर्थतन्त्रको चर्चा गर्नुको लोक रिझ्याई मार्फत तात्कालिक राजनीतिक लाभ लिने बाहेक थप औचित्य छैन।

नेपालमा देशमात्र होइन प्रदेश र स्थानीय तहमा समेत आत्म निर्भर अर्थतन्त्रको बहस हुने गरेको छ। नीतिगत दस्तावेजहरूमा समेत यो शब्दावली पर्ने गरेको छ। कुनै एउटा स्थानीय तहले आफुलाई आत्मनिर्भर बनाउने कल्पना गर्नु भनेको उसले विदेशमा उत्पादन हुने मात्र होइन देशभित्रकै अर्को स्थानीय तहमा उत्पादन हुने वस्तु वा प्रवाह हुने सेवा नलिने अवस्थाको कल्पना गर्नु बराबर हो। के यो सम्भव छ ? यदि यस्तो आत्मनर्भिरता सम्भव भयो भने नेपालको अर्थतन्त्र के होला ? यस्तो काल्पनिक अर्थतन्त्रमा एउटा स्थानीय तहले अर्को स्थानीय तहका उत्पादन प्रयोग गर्दैनन् त्यस्तो अवस्थामा लाभदायक परिमाणमा उत्पादन, तुलनात्मक लाभ, प्रतिस्पर्धा जस्ता विषय नै अर्थहिन बन्न जान्छन । त्यसैले जसरी सवै उद्योग व्यवसाय एउटै स्थानीय तह वा प्रदेशमा सञ्चालन गर्न सकिदैन, त्यसैगरी हरेक वस्तु कुनै पनि देशमा उत्पादन हुन सक्दैन। अर्थात कुनैपनि मुलुक पुर्ण

- बाँकी पृष्ठ ६ मा

### फिचर

# जलवायु परिवर्तन : न वर्षा न हिमपात

– नवीन लामिछाने

यसवर्ष हिउँदमा वर्षा हुनुपर्ने हो । तर वर्षा हुन सकेको छैन । पहाड तथा तराईमा वर्षा नहुँदा हिमाली क्षेत्रमा पनि हिमपात हुनसकेको छैन । यसवर्ष हिमाली क्षेत्रमा आवश्यक मात्रामा मात्रै नभइ हिमपात नै हुनसकेन । अहिले जलवायु परिवर्तनको प्रत्यक्ष असर हिमाली क्षेत्रमा परेको देख्न सकिन्छ । हिमाली क्षेत्रमा हिमपात भएर सेताम्मे हिउँ देखिनुपर्ने समयमा काला पत्थर मात्रै देखिन्छ । हिउँले रुझेर यहाँका धुलो हिलाम्मे हुनुपर्ने समय हो । तर, यसवर्ष यहाँ मौसम प्रतिकूल भएर हिमपात हुनसक्ने सम्भाव्यता देखिए पनि हिउँ पर्न सकेन । मनाङमा हिमपात नहुँदा हिमाल कालापत्थर बन्दै गएको छ । हिमपात नभएपछि यहाँ कृषि क्षेत्रमा सिँचाइको अभाव देखिनेछ । पर्याप्त मात्रामा हिमपात भएको अवस्थामा यहाँ उत्पादन वृद्धि हुने गर्दछ । मनाङको तल्लो क्षेत्रमा वर्षा हुने र माथिल्लो क्षेत्रमा भार हिमपात हुँदा यहाँको उत्पादन फस्टाउने गरेको किसान बताउँछन् । हिमाली जिल्ला मनाङमा यसपटक हिमपात भएको छैन । यस वर्ष बेमौसममा हिमपात भयो । तर हिमपात हुने समयमा भने हिमपात हुनसकेन । मनाङमा गतवर्ष असोज तेस्रो सातामा नै हिमपात भएको थियो । यस समयमा खासगरी हिमपात हुने समय भने होइन । प्रायःजसो मङ्सिर अन्तिमदेखि हिमपात हुनुपर्ने हो । तर, हिमपात हुँदा जीवनयापनमा समस्या हुने भएकाले यहाँका स्थानीयवासी चिसो र हिमपात छल्न कात्तिक अन्तिम र मङ्सिर पहिलो साता बेँसी झर्ने गर्दछन् । उनीहरु काठमाडौं, पोखरा, बेँसीसहरलगायतका स्थानतर्फ जाने गर्दछन् । चिसो छल्न मनाङवासी बेँसी झरे पनि हिमपात हुने समयमा यस पटक हिमपात भएन । हिमपात नहुँदा किसान चिन्तित हिमपातले हिउँदेबालीमा सिँचाइ हुने भए पनि नहुँदा सिँचाइको अभाव हुने र ढिला हिमपात हुँदा अन्नबालीको उब्जनी घट्ने भएकाले किसानका लागि समयमै हिमपातको महत्व रहेको छ । “यहाँको मुख्य बाली आलु र करु हो । चैत, वैशाखमा लगाइने यी बालीलाई पुसमा हिउँ पर्नुपर्छ । तब मात्र माटो भिज्छ‘, ङिस्याङ गाउँपालिका-१ पिसाङका ७४ वर्षीय पशुपालक किसान याङदुङ गुरुङ भन्नुहुन्छ,“जमिन तातिएपछि हिउँ पर्नाले हिउँको पानी जमिनमुनि नपुग्दै माथि नै सुक्छ । चिस्यान नभए खेतीबालीलाई असर गर्छ ।‘हिमपात हुनुपर्ने समयमा हिउँ परेन यसवर्ष बाली राम्रो हुने अवस्था नभएको उहाँ बताउँनुहुन्छ । उहाँका अनुसार समयमा हिमपात नहुँदा सबैभन्दा बढी स्याउ उत्पादनमा असर गर्छ । “स्याउ फुल्ने भनेको फागुन, चैतमा हो । माघमा परेको हिमपातले स्याउको जरासम्म सिँचाइ हुन पाउँदैन, यस पटक त हिमपात नै भएन‘, उहाँले भन्नुभयो । यस पटक उत्पादन नहुने उहाँ बताउँनुहुन्छ । “हिमाली क्षेत्रमा नै हिउँ परेन यहाँ अब पानीको हाहाकार हुने भयो खेतीबालीलाई, के भएको हो ? अहिलेसम्म यस्तो थाहा पाएका थिएनौं‘, गुरुङले भन्नुभयो । “मङ्सिरदेखि नै प्रायःजसो हिमपात हुन्थ्यो । अहिले माघ महिनाको पनि आधा कटिसक्यो । तैपनि हिउँ परेको छैन‘, नासों गाउँपालिका-५ थुतेन लामाले भन्नुभयो, “आकाशमा अलिअलि मात्र बादल लाग्ने गरेको छ । हिउँपर्ने सङ्केत अझै कुनै छाँटकाँट देखिँदैन ।‘ तापक्रम भने निकै घटेर मौसम चिसिएको उहाँले बताउनुभयो । नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कुञ्जो तेन्जिङ लामाले उच्च हिमाली क्षेत्रको बस्तीमा हिमपात नभएको बताउनुभयो । कहिलेकाहीं पानीको छिटा परे पनि हिउँपर्ने सङ्केत नदेखिएको लामा बताउँनुहुन्छ । उहाँका अनुसार चार हजार दुई सय मिटर उचाइमा रहेको नार र चार हजार ५० मिटर उचाइमा रहेको फू गाउँ चिसोका कारण यतिबेला खाली भए पनि हिमपात भएको छैन । गाउँले सबै हिमपात र चिसो छल्न यसअघि नै बेँसी झरिसकेका छन् । मङ्सिर ४ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा मतदानपछि सबै बेँसी झरेको उहाँले जानकारी दिनुभयो । “समयमा हिउँ नपर्दा खेतीबाली उत्पादनमा ह्रास आउने भयो‘, लामाले भन्नुभयो । विगतमा हिमपात हुन्छ भनेर खाद्यान्न र पशुपक्षीका लागि घाँस व्यवस्थापन गरी बस्ने गरिन्थ्यो । यसपटक सोहीअनुसारको व्यवस्था गरिए पनि हालसम्म हिउँ नपरेको उहाँ बताउँनुहुन्छ । प्रमुख जिल्ला अधिकारी सुप्रभा ढुङ्गाना खनालले मनाङमा हालसम्म जिल्लामा हिमपात नभएको जानकारी दिनुभयो । माथिल्लो मनाङमा हल्का हिमपात भए पनि आवश्यक मात्रामा हिमपात नभएको उहाँ बताउनुहुन्छ । “मनाङमा हालसम्म हिउँ परेको छैन‘, उहाँले भन्नुभयो । मनाङमा बस्ती रहेको सबैभन्दा तल्लो क्षेत्र एक हजार सात सय मिटर उचाइमा रहेको तालगाउँमा समेत यसअघि यो समय हिउँपर्ने गर्दथ्यो । मनाङमा जेठमा फापर रोपिन्छ । चैततिर गहुँ, आलु र केराउ लगाइन्छ । मङ्सिर, पुसमा हिउँ परे मात्रै जमिनमुनि चिस्यान पुग्छ र खेतीपाती हुन्छ । अहिले हिउँ परेन खेतीबाली राम्रो हुँदैन । तापक्रम बढेपछि पर्ने हिउँ पग्लिएर माथि-माथि नै सुक्ने किसान बताउँछन् । चिसोले पूर्वाधार निर्माणमा समस्या हिमपात नभए पनि यहाँ चिसो बढ्दै गएपछि विकास निर्माणका कार्य गर्न रोकिन्छ । चिसो बढेसँगै माथिल्लो मनाङको पूर्वाधार निर्माणको काम पूर्ण रुपमा ठप्प हुन्छ । गतवर्ष निरन्तरको वर्षाले क्षति पुर्याएको निर्माणाधीन भौतिक संरचना निर्माणका कार्य अहिले रोकिएको पूर्वाधार कार्यालयले जनाएको छ । विशेषगरी माथिल्लो मनाङको सडक, पुल, हाइड्रो लगायतको विकास निर्माणका कार्य रोकिएको पूर्वाधार विकास कार्यालय मनाङका प्रमुख जय विष्टले बताउनुभयो । “सदरमुकाम चामे, नासों गाउँपालिका क्षेत्रमा केही कार्यनिर्माण भइरहेको छ । तर ङिस्याङ र नार्पाभूमि गाउँपालिकामा विकास निर्माण तथा पूर्वाधारको कार्य रोकिएको छ‘, उहाँले भन्नुभयो । चिसोका कारण अहिले जिल्लाका चामे, नासों, नार्पाभूमि र ङिस्याङ गाउँपालिकामा विकास निर्माणको काम गर्न नसकिएको विष्टले बताउनुभयो । “हिमपात नै नभए पनि चिसोले माथिल्लो मनाङतर्फको पूर्वाधार निर्माणका काम गर्न कठिन छ । यहाँको काम वर्षमा जम्माजम्मी तीन महिना मात्रै गर्न पाइन्छ‘, विष्टले भन्नुभयो । मनाङको मेरुदण्डको रुपमा रहेको चामे-बेँसीशहर सडक खण्डको निर्माणकार्य पनि मौसम प्रतिकूलताका कारण रोकिएको उहाँले बताउनुभयो । प्रायःजसो मनाङको विकास निर्माणको काम गर्न सकिने अवस्था नरहेको उहाँले बताउनुभयो । यससडक खण्डको निर्माणका लागि बहुवर्षीय योजनाअन्तर्गत

- बाँकी पृष्ठ ६ मा

# खडेरीका कारण हिउँदे बालीको उत्पादन घट्यो



पर्वत ९ फागुन
लामो समयदेखि वर्षा नहुँदा पर्वतमा हिउँदे बालीनाली प्रभावित बनेका छन् । झन्डै पाँच महिनासम्म वर्षा नहुँदा कृषकहरुले लगाएको आलु, गहुँ, जौ, तोरी लगायतका हिउँदे खेतीको उत्पादन ह्वात्तै घटेको पाइएको छ ।
पर्वतमा यतिबेला खेतमा मकैबाली लगाउने बेला भएको छ । तर वर्षा नहुँदा धान काटेपछि बाँझै रहेको खेत जोत्नसमेत नपाएको कृषकहरुले गुनासो गरेका छन् । व्यावसायिक तरकारी खेती गरेका कृषकहरुसमेत खडेरीका कारण नष्ट भएको गुनासो गरेका छन् । धेरै वर्षपछि यति लामो खडेरी परेको पर्वतको कुश्मा नगरपालिका-१२ ठूलीपोखरीका कृषक रामप्रसाद सापकोटाले बताए । खेतमा मकै लगाउने बेला भइसके पनि वर्षा नहुँदा बाँझै राख्नुपरेको उनले बताए । गत असोजको अन्तिम सातापछि यस क्षेत्रमा वर्षा भएको छैन ।
जिल्ला कृषि ज्ञान केन्द्र पर्वतका अनुसार विशेषगरी हिउँदे बालीनालीमा खडेरीले असर पुर्‍याएको छ । सिँचाइ सुविधा भएका र नभएका दुवै ठाउँमा उत्पादनमा निकै कमी आएको वरिष्ठ कृषि विकास अधिकृत मनिता थापाले बताए । उनका अनुसार बालीनाली उम्रिसकेपछि सिँचाइ गर्ने एउटा संवेदनशील अवस्था हुन्छ, त्यो समयमा सिँचाइ गर्न सकिएन वा वर्षा भएन भने बालीनाली मर्ने र उत्पादन नदिने समस्या हुने भएकाले सिँचाइ अनिवार्य गर्नुपर्दछ । सिँचाइ भएका ठाउँमा पनि वर्षा भयो भने उत्पादन झनै बढ्छ, थापाले भने ।पर्वतमा आकासे वर्षाको भरमा खेतीबाली लगाउने ठाउँ धेरै भएकाले पनि यस वर्षको हिउँदे खेतीका रुपमा लगाइएको गहुँ, जौ, तोरी, आलु, फापरलगायत व्यावसायिक तरकारी खेती गर्नेहरुले ठूलो नोक्सानी व्यहोर्नु परेको थापाले बताए । तेलहन बालीमा मात्र ३० प्रतिशतभन्दा बढीले उत्पादनमा कमी आउने उनको अनुमान छ ।
त्यसैगरी लहरेबालीसमेत समयमा लगाउन नपाउँदा व्यावसायिक तरकारी कृषकहरु मारमा परेका छन् । उनका अनुसार जिल्लाको पातिचौर क्षेत्र र मिलनचोक क्षेत्र तथा दक्षिण पर्वतमा रहेका विभिन्न खोलाको नजिकका खेतबारीमा बाहेक सबै ठाउँमा खडेरीले असर परेको छ । कतिपय ठाउँमा बालीनाली नै लगाउन पाएका छैनन् भने कतिपय ठाउँमा लगाएको बालीनाली नै सखाप भएपछि कृषकहरुसमेत चिन्तित बनेका छन् । अर्कोतर्फ पानीको वैकल्पिक स्रोतसमेत खडेरीका कारण सुकेपछि चैते धानका लागि बीउ राख्नसमेत नपाएको कृषकहरुले गुनासो गरेका छन् । जिल्लामा झन्डै आठ हजार हेक्टर क्षेत्रफलमा सिँचाइको सुविधा पुगेको भए पनि खोला सुकेका कारण सिँचाइ नहरमासमेत पानी बन्द हुँदा झनै समस्या भएको छ । सानातिना मूलहरुको भरमा खेतीपाती गर्दै आएका कृषकहरुमा प्रचण्ड खडेरीका कारण मूल नै सुकेपछि झनै चिन्ता थपिएको शङ्करपोखरीका कृषक कुलप्रसाद तिवारीले जानकारी दिए । उनले भने मकै, चैते धान, बर्खे आलु, रोप्ने बेलासम्म पनि पानी नपरेपछि समस्या भएको छ ।
अर्कोतर्फ पिउने पानीका मुहानहरु सुक्न थालेका छन् । यो महिनाभरिमा वर्षा नहुने हो भने मकै खेती र लहरेबालीसमेत उत्पादन नहुने कृषि ज्ञान केन्द्रले जनाएको छ । खडेरीले यस वर्ष पर्वतमा खाद्यान्न उत्पादनमा ठूलो गिरावट आउने कृषि ज्ञान केन्द्रका प्रमुख थापाको अनुमान छ ।रासस

# किसानलाई जानकारी दिन डिजिटल मेसिन



झापा, ९ फागुन
कनकाई नगरपालिकाले किसानलाई मोबाइल एपमार्फत कृषिसम्बन्धी जानकारी दिने उद्देश्यले डिजिटल मेसिन जडान गरेको छ । हेफर नेपालले नगरपालिकालाई सो डिजिटल मेसिन प्रदान गरेको हो ।
मेसिनको प्रयोगमार्फत किसानलाई पालिकाले डिजिटल प्रविधिमा जोडेको हो ।
स्थानीयस्तरमा रहेका किसानलाई कृषि सूचना प्रविधिमा पहुँच बढाइ कृषि उत्पादन र किसानको उत्पादकत्व बढाउने उद्देश्यका साथ कनकाई नगरपालिकालाई डिजिटल मेसिन प्रदान गरिएको हेफरका अध्यक्ष प्रेम गिरीले बताए ।
कृषि सूचना तथा प्राविधिक परामर्श सेवासमेत प्रवाह गर्न सकिने गिरीले बताए । किसानलाई मोबाइल एपमै विज्ञहरूको सेवासमेत उपलब्ध हुनेमा गिरीले जोड दिँदै उनले भने ,बाली रोपाइँदेखि कटाइसम्मका हरेक पक्षलाई एपमा समेटिएको छ । यसले किसानलाई कुन समयमा के बाली लगाउने र बजारको खोजी कसरी गर्ने भन्ने समस्याबाट मुक्त गराउन मद्दत पुग्नेछ ।
जिओ कृषि एपमार्फत किसानले बढीभन्दा बढी फाइदा लिन सक्ने भएकाले नगरपालिकाले यसको सञ्चालन र व्यवस्थापनमा विशेष ध्यान दिने नगरपालिकाका प्रमुख राजेन्द्र पोखरेलले बताए । यो एप परीक्षणकै क्रममा नगरपालिका क्षेत्रका दुई सय ६५ जना किसान आवद्ध भइसकेको जानकारी दिए ।
जिओ कृषि एपमा कनकाई नगर क्षेत्रभित्र लगाइने बढीभन्दा बढी बालीनालीलाई प्राथमिकताका साथ स्थान दिइने उनको भनाइ छ ।
किसान खेतको प्रोफाइल र किसानको उत्पादन योजनाको डिजिटल रेकर्ड राखी सोही अनुरुप किसानले हरेक दिन वा हप्तामा गर्नुपर्ने गतिविधि तालिकाको सूचना, मलखादसम्बन्धी आवश्यक ज्ञान, खर्च लगानीको रेकर्डलगायत अन्य थुप्रै सेवा सुविधा यस मेसिनबाट किसानले प्राप्त गर्न सक्ने जियो कृषि परियोजनाका प्राविधिक रामनाथ तिवारीले जानकारी दिए । रासस

# योजना बनाउनुपूर्व किसानसँग छलफल




बलेवा, ९ फागुन
कृषि तथा पशुजन्य उत्पादन वृद्धि र बजारीकरणका लागि बागलुङको बरेङ गाउँपालिकाले किसानसँग छलफल थालेको छ ।
गाउँपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट बनाउनुपूर्व किसानसँग छलफल थालेको हो । किसानका समस्या एकातर्फ र गाउँपालिकाको बजेट तथा कार्यक्रम अर्कोतर्फ हुने गरेकाले किसानका समस्या पहिचान गर्न छलफल थालिएको गाउँपालिका अध्यक्ष कृष्णप्रसाद शर्माले बताए ।
बरेङले योजना निर्माण पूर्व व्यावसायिक किसानसँग छलफल थालेको यो पहिलो पटक हो । हामीले कृषि क्षेत्रमा धेरै लगानी गरिरहेका छौँ, त्यसको प्रगति, किसान सन्तुष्ट छन् कि छैनन् भनेर खोजी गर्न विज्ञसहितको छलफल थालेका हौँ, अध्यक्ष शर्माले भने , हामीले कल्पना गरेका भन्दा फरक समस्या र चुनौती किसानले सुनाउनुभएको छ, अब योजना निर्माण गर्दा समस्याको समाधान गर्ने गरी काम गर्छौं । हामीले गोठ व्यवस्थापनको योजना बनाउने, किसानलाई खोर व्यवस्थापन आवश्यक हुने,उनले भने ,बीउमल चाहिने बेला सिँचाइ र सिँचाइ चाहिने बेला बीउमलको चर्चा हुने परिपाटीको अन्त्य गर्न सम्बन्धित किसानसँगै छलफल थालिएको हो । पालिकाले सोमबार ६३ जना व्यावसायिक किसानलाई भेला गरेर कृषि विज्ञसँग छलफल गराएको थियो । प्रधानमन्त्री कृषि आनुनिकीकरण परियोजना बागलुङ, चितवन र ललितपुरमा कार्यरत कृषिविज्ञ सुजित पौडेल, नारायण पौडेल, दीपक शर्मा, इन्द्र ढुङ्गाना, माधव पौडेलसँग किसानले छलफल गरेका थिए ।
किसानले उत्पादनमा एकरुपता नहुनु, बजारीकरणमा समस्या, उत्पादन समयमा बजार पुर्‍याउन नसक्दा लागत बढ्नु व्यावसायिक किसानका समस्या भएको बताए । हामीले उत्पादन गरेका बङ्गुरले बजार पाउँदैनन्, बाहिरी बजारबाट आएको मासुले मूल्य घटाइदिन्छ, किसान सन्त श्रीषले भने , थोरै उत्पादन बजार नपुग्ने, एउटै किसानले धेरै उत्पादन गर्न नसक्ने समस्या छ । किसानले एकीकृत खेती प्रणाली, सामूहिक लगानी र उत्पादन तथा बजारीकरण गर्नुपर्नेमा जोड दिएका थिए ।
किसानले कृषिउपजको बजारीकरण सहज बनाउन सन्त श्रीषको संयोजकत्वमा १५ सदस्यीय समिति गठन गरेको छ । किसानले कृषिउपज सङ्कलन केन्द्र, बजारीकरण र उत्पादन लागतमा सहयोग गर्न पालिकालाई आग्रह गरेका थिए । रासस

# पाखो जमिनमा गरिएको अम्रिसो खेती आयआर्जनको माध्यम



गलेश्वर, ९ फागुन
म्याग्दीका ग्रामीण भेगका किसानलाई भिरालो जमिन, पाखो र खेतबारीका डिलमा लगाइने अम्रिसो आम्दानीको बलियो स्रोत बनेको छ ।
पछिल्लो समय अम्रिसोको मूल्य वृद्धि हुँदै गएपछि यहाँका किसान उत्साही भएका छन् । दुई वर्षअघि प्रतिकिलो रु ४० का दरले मुस्किलले बिक्री हुने गरेको अम्रिसो अहिले प्रतिकेजी रु एक सय २५ मा बिक्री हुन थालेपछि यहाँका किसान उत्साहित भएका हुन् ।
मूल्यमा उतारचढाव आइरहे पनि यो वर्ष प्रतिकिलो रु एक सयदेखि रु एक सय २५ सम्म किसानबाट व्यवसायीले खरिद गरिरहेका छन् । अम्रिसोको व्यापार गर्दै आएका यामबहादुर सापकोटाले प्रतिकिलो रु एक सय २५ सम्म लगाएर सात क्विन्टल अम्रिसो जम्मा गरेका छन् । उनी बेनी, बागलुङ र पोखरासम्म पुर्‍याएर अम्रिसो बेच्ने गर्छन । यस वर्ष अम्रिसोको मूल्य केही बढ्नसक्ने अनुमान गरेको सापकोटा बताउछन । अम्रिसो पोखरासम्म पुर्‍याउँदा गत वर्ष रु एक सय ४० मा बिक्री गरेका उनले यस वर्ष भने रु एक सय ६० सम्ममा बिक्री हुने अनुमान गरेका छन् ।
पछिल्लो समय भारतबाट अम्रिसोको माग बढेर आएपछि मूल्य बढेको व्यवसायीहरूको भनाइ छ । कुनै समय बिक्रीका लागि नभई घाँस र कुचोका लागि अम्रिसो रोप्ने पहाडी क्षेत्रका किसानले बजार र मूल्य पाउन थालेपछि व्यावसायिकरूपमै खेती गर्न थालेका छन् । अम्रिसोको डाँठलाई दाउराका रूपमा र पातलाई घाँसका रूपमा प्रयोग गर्ने किसानले फुलेको भागलाई निकालेर कुचोका रूपमा बिक्री गर्दै आएका छन् । बहुउपयोगी अम्रिसोले राम्रो मूल्य पाउन थालेकाले पहाडी भेगका किसानमा उत्साह छ । अन्नबालीका लागि उपयोग हुन नसक्ने भिरालो पाखा जमिनमा समेत अम्रिसो खेती गर्न सकिन्छ । हिउँदका समयमा अन्य घाँसपात नहुँदा अम्रिसोको पात गाईवस्तुका लागि निकै उपयोगी हुन्छ । ग्रामीण भेगसम्म यातायातको पहुँच पुगेपछि यसको व्यावसायिक खेती बढेको हो ।गुणस्तरीय जीवन विषयमा विधावारिधि गर्नुभएका डा माधवप्रसाद तिवारीका अनुसार अम्रिसोको स्थानीय नाम अम्रिसो तथा कुचो घाँस हो । यसको अङ्ग्रेजी नाम ब्रुम ग्रास, टाइगर ग्रास र वैज्ञानिक नाम थाइसेनोलीमा मेक्जिमा हो ।
ग्रेमिनी-पोएसी वानस्पतिक परिवारमा पर्ने यो बहुवर्षीय घाँस प्रजातिको बिरुवा तीन मिटरसम्म अग्लो हुने गर्छ । यसका पातहरू ३० सेन्टिमिटरसम्म लामो र पाँच सेन्टिमिटर चौडा हुन्छन् । यसका पातहरू बाँसका पातजस्ता आकारका हुन्छन् । मुख्यतः यसको फूलको झुप्पा कुचो बनाउन प्रयोग गरिने भएकाले यसको महत्व बढेको हो ।
बिरुवा रोपेको आठ महिनादेखि नै यसले उत्पादन दिन सुरु गर्छ । प्रायः कुचो बनाउनका लागि अम्रिसोकोप्रयोगगरिएपनिकागज कारखानामा कच्चापदार्थका रूपमा, गाईवस्तुका लागि डालेघाँस, बायो इन्जिनियरिङका लागि माटो तथा जलसंरक्षण गर्ने क्षेत्रमा पनि प्रयोग हुन्छ ।
अम्रिसोको बिरुवा बर्सात्का बेला रोप्नु उपयुक्त हुन्छ । बिरुवा रोपिसकेपछि यसलाई अरू बालीजस्तो नियमित सिँचाइ वा स्याहारसम्भारको आवश्यकता पर्दैन । एकपटक रोपिसकेपछि आफैँ राम्रोसँग हुर्कन सक्ने अम्रिसो रोपेको एक महिनापछि एकपटक र त्यसको पहिलो वर्ष थप दुई पटकसम्म गोडमेल गरेमा राम्ररी सप्रन सक्छ । यसलाई राम्रोसँग व्यवस्थापन गर्न सके अम्रिसोबाट छ देखि १० वर्षसम्म निरन्तर उत्पादन लिन सकिन्छ ।
अम्रिसोको बाली सङ्कलन भनेको यसको फूलको गुच्छा टिप्ने हो । बीउ परिपक्व भएपछि गुच्छा सङ्कलन गर्दा बीउ भुइँमा झरी पुनः उत्पादनमा पनि सघाउ पुग्छ । साधारणतया माघ-फागुनमा गुच्छासहितको डाँठ काटेर सङ्कलन गरिन्छ र घामको प्रकृति हेरी चारदेखि सात दिनसम्म सुकाएर मुठा पारी कुचो बनाई घरायसी तथा व्यापारिक प्रयोजनमा प्रयोग गर्न सकिने वन डिभिजन कार्यालयका वन तथा वातावरण विज्ञ चन्द्रमणि सापकोटा बताउछन ।रासस

# दूध उत्पादक किसानलाई अनुदान

मध्यविन्दु, ९ फागुन
नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिकाले दूध उत्पादक किसानलाई प्रतिलिटर रु पाँच अनुदान दिन थालेको छ । गाउँपालिकाले सहकारीमार्फत किसानलाई सो अनुदान उपलब्ध गराउन थालेको हो । उत्पादनको आधारमा अनुदान दिने नीतिअनुरुप गत आर्थिक वर्षदेखि किसानलाई अनुदान दिन थालिएको हो ।
अनुदान रकम साना किसानसम्म पुर्‍याउन एक आर्थिक वर्षमा सहकारीमार्फत बिक्री गरेको दूधको परिमाणअनुसार अनुदान रकम प्रदान गरिने हुप्सेकोट गाउँपालिकाका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताए । गाउँपालिकाभित्र रहेका दुग्ध सहकारीहरूले उपलब्ध गराएको वार्षिक तथ्याङ्कका आधारमा अनुदान दिने व्यवस्था गरेका छौँ, उनले भने ,किसानलाई प्रोत्साहान गरी गाउँपालिकाभित्र दूध उत्पादन वृद्धि गर्ने हाम्रो मुख्य लक्ष्य हो । उत्पादनका आधारमा अनुदान दिँदा साना किसान लाभान्वित हुने अध्यक्ष पाण्डेको भनाइ छ । गत आव २०७८/७९ मा दुई सहकारी संस्थामार्फत किसानलाई अनुदान उपलब्ध गराइएको छ ।
गत वर्ष किसानले रु दुई लाख ५४ हजार दुई सय ३५ प्राप्त गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रप्रसाद बस्यालले बताए । गत आवमा सहिद प्रदुक बहुउद्देश्यीय सकारी संस्थाले ३० हजार २६ लिटर दूधको जम्मा रु एक लाख ५० हजार एक सय ३० र साना किसान कृषि सहकारी संस्थाले २० हजार आठ सय २१ लिटर दूधको रु एक लाख चार हजार एक सय पाँच अनुदान लगेका छन् , उनले भने ।
यस वर्ष गत वर्षको भन्दा धेरै दूध उत्पादन हुने र अनुदान पाउने किसानको संख्या पनि बढ्ने अनुमान गरिएको अध्यक्ष पाण्डेले बताउनुभयो ।

# पर्यटकीय गन्तव्य बन्दै बाग्मतीको भरत ताल



सर्लाही, ९ फागुन
सर्लाहीको बाग्मती नगरपालिका-४ र १२ मा निर्माणाधिन भरत ताल पर्यटकीय गन्तव्य बनेको छ। यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्दै गएको छ। हाल उक्त ताल निर्माणाधीन अवस्थामा छ।
मानवनिर्मित भरत ताल निर्माणका लागि हालसम्म करिब रु ९८ करोड खर्च भएको बाग्मती नगरपालिकाका नगरप्रमुख भरतकुमार थापाले जानकारी दिए । बहुउद्देश्यीय परियोजनालाई पूर्णता दिन अझै रु एक अर्ब लगानी गरिने र उक्तताललाई बहुउद्देश्यीय परियोजनाका रूपमा विकास गर्ने योजना रहेको उनको भनाइ छ।
बहुउद्देश्यीय परियोजनाअन्तर्गत तालमा आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न अत्याधुनिक वनभोज स्थल, जङ्गल सफारी, शिव पार्वतीको मन्दिरसहितको सुमेरु पर्वत, फनपार्क, मिनी क्यासिनोसहितको होटल निर्माण भइरहेको बाग्मती-१२ का वडाध्यक्ष ओमबहादुर श्रेष्ठले जानकारी दिए । भरत ताललाई बाग्मती नगरपालिकाको मुख्य आम्दानीको स्रोतका रूपमा अघि बढाउँदै छौँ, ताललाई मधेस प्रदेशकै ‘हब’ बनाउने योजना छ, उनले भने।
नगरको बजेट, सङ्घ र प्रदेशबाट आएको अनुदानका साथै बजेट थपेर तालको काम पूरा गर्ने नगरप्रमुख थापाले बताए । तालको काम २० देखि २५ प्रतिशतसम्म मात्र भएको छ, तीन वर्षभित्र बहुउद्देश्यीय परियोजनाको सम्पूर्ण काम सक्ने रणनीति बनाएका छौँ, उनले भने । तालमा माछा र हाँसपालन थालिएको छ । यसबाट आम्दानी बढाउन मद्दत पुग्ने नगरपालिकाले जनाएको छ ।
ताल रहेको एक सय २१ बिघामा बहुउद्देश्यीय परियोजना सञ्चालन गरिएको नगरपालिकाकी उपप्रमुख लीलाकुमारी मोक्तानले बताए । बाग्मती नदीको बगरलाई प्रयोग गरेका छौँ, यो नगरपालिकाभित्र र नगरकै विकास तथा समृद्धिका लागि प्रयोग गरिँदैछ, उनले भने । यहाँ विशेषगरी आन्तरिक र भारतीय पर्यटक आउने गरेका छन् । वार्षिक करिब ६० लाख पर्यटक आकर्षण गर्ने गरी संरचना निर्माण गरिरहेको नगरपालिकाले जनाएको छ । तालमा अहिले दैनिक पाँच सयजनाले रोजगारी पाएका छन्। तालमा अहिले साना ठूला गरेर करिब ४० डुङ्गा सञ्चालनमा छन् ।रासस

# फुसको छानो विस्थापित गर्ने अभियान



वीरगञ्ज, ९ फागुन
फुसको छानो हटाउने अभियानअन्तर्गत पछिल्लो एक वर्षको अवधिमा मधेस प्रदेशका तीन जिल्लामा जस्तापातासहितको एक हजार ४७ सुरक्षित घर बनाइएको छ।

फुसको छानाका कारण हावाहुरीको समयमा अत्यधिक आगलागीका घटना हुदाँ ठूलो धनजनको क्षति हुने र बर्सेनि परालले छानो हाल्नुपर्ने समस्यालाई दृष्टिगत गरी सरकारले तराई मधेसका जिल्लामा फुसको छानो विस्थापित गर्ने योजना सञ्चालन गरेको हो।

सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७८/७९ मा रौतहट, बारा र पर्साका विभिन्न बस्तीमा रहेका एक हजार ४७ घरबाट फुसको छानोलाई विस्थापित गरी जस्तापातासहितको सुरक्षित घर बनाइएको हो।

विभिन्न चुनौतीहरूको बाबजुद रौतहटमा एक सय नौवटा, बारामा दुई ५४ र पर्सामा छ सय ८४ गरी एक हजार ४७ घरबाट फुसको छानो विस्थापित गरी जस्तापाताको छानो हालेर सुरक्षित आवास बनाइएको सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय पर्साका प्रमुख झपटबहादुर थापाले जानकारी दिए।यस्तै बारामा दुई ४३ वटा र पर्सामा तीन सय ४१ घरबाट फुसको छानो विस्थापित गर्ने कार्य अन्तिम चरणमा पुगेको र छिट्टै नै सम्पन्न गरी हस्तान्तरण गरिने प्रमुख थापाको भनाइ छ।

उनका अनुसार रौतहटमा तीन हजार नौ सय ५७, बारामा तीन हजार चार सय २१ र पर्सामा तीन हजार आठ सय ५१ गरी ११ हजार दुई सय २९ घरबाट फुसको छानो हटाउने स्वीकृत भएकामा हालसम्म रौतहटमा तीन हजार दुई सय २०, बारामा दुई हजार छ सय २२ र पर्सामा तीन हजार छ सय ४७ गरी नौ हजार चार सय ८९ आवासको सम्झौता भई काम भइरहेको छ।

सम्झौता भएकामध्ये रौतहटमा दुई सय १५, बारामा एक हजार पाँच र पर्सामा एक हजार आठ सय १६ गरी तीन हजार ३६ वटा आवासका लागि पहिलो किस्ता निकासा दिएको प्रमुख थापाले बताए । बर्सेनि हुने आगलागी र छानो चुहिने समस्याको दिगो समाधानका लागि जस्तापातासहितको सुरक्षित घर बनाउँदै आएको प्रमुख थापाको भनाइ छ। प्रत्येक घरका लागि रु ५० हजार रकम छुट्याइएको छ, प्रमुख थापाले भने , लक्षित परिवारलाई घरमा जस्तापाता हाल्न पहिलो किस्तामा रु ३० हजार दिने र तोकिएको मापदण्डअनुसार जस्तापाता हालेर भवन बनाउनेलाई थप रु २० हजार निकास दिने व्यवस्था छ।

सो कार्यक्रममा कुनै खास लक्षित वर्ग वा जात विशेषलाई नभई फुसको छानो भएका सबै परिवारलाई समेटिएको प्रमुख थापाको कथन छ।

तराई मधेसका जिल्लामा अझै फुसको छानो लगाउने गरिएको छ, रौतहटको गरुडाका श्याम साहले भने , जसका कारण बर्सेनि आगलागीको घटना हुने गरेका छन्, त्यसैले फुसको छानो हटाउनु जरुरी छ।

फुसको छानो हटाउन सकिए बर्सेनि हुने आगलागीको घटनामा कमी आउने उनले बताए। रासस

# सम्पत्ति शुद्धीकरणसँग जोडिएका कुन कानुनमा कस्तो संशोधन हुँदैछ ?

काठमाडौँ, ९ फागुन
'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९' अघिल्लो हप्ता संसद्मा दर्ता भएको छ। प्रतिनिधि सभामा दर्ता भएको यो विधेयकमार्फत् विभिन्न बीस वटा कानुन संशोधन गर्न लागिएको छ।




यो विधेयकमार्फत् मुख्यगरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ मा संशोधन गर्न लागिएको छ। सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित क्रियाकलाप बारे जानकारी लिने र त्यसको विश्लेषण गर्ने छुट्टै स्वायत्त निकाय स्थापना गर्ने विषय विधेयकमा राखिएको छ। सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी वा सम्बद्ध कसुरको शङ्कास्पद कारोबारसम्बन्धी प्रतिवेदन वा सूचना प्राप्त गर्न, सोको विश्लेषण गर्न तथा विश्लेषणको निष्कर्ष प्रवाह गर्न स्वायत्त निकायको रुपमा वित्तीय जानकारी इकाइ रहनेछ। विधेयकमा भनिएको छ। हाल नेपाल राष्ट्र बैंकको एउटा महाशाखाले वित्तीय जानकारी इकाइको रुपमा काम गरिरहेको छ । स्वायत्त संस्थाका रुपमा वित्तीय जानकारी इकाई बनाउन सकिने र त्यसका शाखासमेत खोल्न सकिने गरी कानुन संशोधन हुँदैछ । कुनै व्यक्तिले आफूले आर्जन गरेको सम्पत्तिको स्रोत खुलाउन नसकेमा त्यस्तो सम्पत्तिको कर तिरेर त्यसलाई वैध बनाउन सकिने व्यवस्था पनि विधेयकमा राखिएको छ । सम्पत्तिको स्रोत खुलाउन नसकेको र अनुसन्धान गरिएको व्यक्ति उपरसम्बन्धी कसुर वा सम्पत्ति शुद्धीकरणको कसुरमा मुद्दा चल्ने अवस्था नदेखिएको अवस्थामा सोको अभिलेख राखी स्रोत खुलाउन नसकेको सम्पत्तिको हदसम्म कर निर्धारण तथा असुलीका लागि आन्तरिक राजस्व विभागमा लेखी पठाउनुपर्नेछ, विधेयकमा भनिएको छ। आन्तरिक राजस्व विभागले करसम्बन्धी कसुर गरे वा नगरेको यकिन गर्नेछ । कर छली गरेको नपाइएमा त्यस्तो व्यक्तिको सम्पत्तिलाई चालु आर्थिक वर्षको आय मानी कर निर्धारण गर्नुपर्नेछ।

त्यस्तै, विद्युतीय र डिजिटल माध्यमबाट हुने सम्पत्ति शुद्धीकरणको विषयलाई पनि कानूनी दायराभित्र ल्याउन सकिने गरी ऐन संशोधन गर्न लागिएको छ । बैंक तथा वित्तीय क्षेत्र, सहकारी र पुँजीबजारसँग जोडिएका कानुनमा केही महत्वपूर्ण संशोधनसहित विधेयक तयार पारिएको छ। यो विधेयकमार्फत नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा संशोधन गरी बचत तथा ऋणको कारोबार गर्ने ठूला सहकारी संस्थालाई नेपाल राष्ट्र बैंकको नियामकीय क्षेत्राधिकारभित्र ल्याउन लागिएको छ।

रु पच्चीस करोड भन्दा बढी शेयर पुँजी भएका वा वार्षिक ५० करोडभन्दा बढीको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सहकारीसम्बन्धी प्रचलित कानुनको समेत अधिकार प्रयोग गरी नियमन, निरीक्षण तथा सुपरिवेक्षणको काम नेपाल राष्ट्र बैंकले गर्नेछ, विधेयकमा भनिएको छ। बचत तथा ऋणको कारोबार गर्ने सहकारीको नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि निर्देशन एवम् मापदण्ड जारी गर्ने अधिकार पनि नेपाल राष्ट्र बैंकलाई दिन लागिएको छ। यो विधेयकमार्फत् सहकारी ऐन, २०७४ पनि संशोधन हुँदैछ । सहकारी संस्थाको नियमनका लागि नेपाल राष्ट्र बैंक, सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको क्षेत्राधिकार पनि तोक्नेगरी कानुन बनाउन लागिएको छ । बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण र सुपरीवेक्षण गर्ने निकायले सो सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन तथा मापदण्डको पालना गर्नुपर्नेछ, सहकारी ऐनमा गर्न लागिएको संशोधनबारे विधेयकमा भनिएको छ।

सहकारी संस्थाको कारोबार रकमका आधारमा सङ्घ, प्रदेश र स्थानीय तहको नियामकीय अधिकार तोक्न लागिएको छ । विधेयकमा भएको व्यवस्थाअनुसार स्थानीय तहमा दर्ता भई वार्षिक रू २५ करोडसम्मको कारोबार गर्ने सहकारीको नियमन, अनुगमन र सुपरीवेक्षण सम्बन्धित स्थानीय तहले नै गर्नेछन् । तर, स्थानीय तहमा दर्ता भई वार्षिक रू २५ करोड भन्दा बढी र रू ५० करोड सम्मको कारोबार गर्ने सहकारी संस्थाको नियमन भने प्रदेश सरकारबाट गर्ने व्यवस्था गर्न लागिएको छ । स्थानीय तह वा प्रदेशमा दर्ता भएका र वार्षिक रू ५० करोड भन्दा बढीको कारोबार भएका सहकारी संस्थाको नियमन भने सहकारी विभागले गर्ने गरी कानुन संशोधन गर्न लागिएको छ।

धितोपत्रसम्बन्धी ऐन, २०६३ संशोधनका लागि पनि यो विधेयकमार्फत् प्रस्ताव गरिएको छ । धितोपत्रको कारोबारसँग सम्बन्धित कसुरको अनुसन्धान र कारबाहीका लागि ऐन संशोधनमार्फत् केही महत्वपूर्ण व्यवस्था थप्न लागिएको छ । कुनै व्यक्तिले धितोपत्रको कारोबारसँग सम्बन्धित कसुर गरेको भन्ने जानकारीको व्यहोरा बोर्डलाई प्राप्त भएमा वा त्यस्तो कसुर भएको छ भन्ने लागेमाधितोपत्रबोर्डकोअध्यक्षले तत्काल अधिकृतस्तरको कर्मचारीमार्फत् त्यस्तो उजुरीको प्रारम्भिक जाँचबुझ गराउनुपर्नेछ, प्रस्तावित विधेयकमा भनिएको छ । धितोपत्रको शङ्कास्पद कारोबारबारे धितोपत्र बोर्डले अनुसन्धान गर्न नसकेमा प्रहरीमार्फत् गराउने व्यवस्था पनि विधेयकमा राखिएको छ । उजुरीबारे बोर्डबाट तोकिएको अवधिभित्र कुनै निर्णय नभएमा प्रहरी प्रधान कार्यालयले कम्तीमा प्रहरी निरीक्षक दर्जाको प्रहरी कर्मचारीलाई अनुसन्धान अधिकारी तोकी कसुरको अनुसन्धान गराउनुपर्नेछ, विधेयकमा भनिएको छ।

निकासी पैठारी (नियन्त्रण) ऐनमा संशोधन गरेर 'व्यापार पारदर्शीता इकाई' गठनको व्यवस्था राख्न लागिएको छ । यस्तो इकाइको व्यापारमा पारदर्शीता कायम गर्न स्थापित अन्तरदेशीय निकायसँग समन्वय गर्ने मुख्य काम रहनेछ । मालपोत ऐनमा संशोधन गरेर घरजग्गासम्बन्धी कारोबार गर्न इजाजत लिनुपर्ने व्यवस्था राख्न विधेयकमा प्रस्ताव गरिएको छ । नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा सोही सूचनामा उल्लेख भएको क्षेत्रफल वा रकमको सीमाभन्दा बढीको घरजग्गासम्बन्धी कारोबार गर्दा इजाजत लिनुपर्नेछ, विधेयकमा भनिएको छ।

त्यस्तै, पर्यटन ऐनमा क्यासिनोसँग सम्बन्धित व्यवस्था संशोधन गर्न लागिएको छ । नेपाल राष्ट्र बैंक ऐनमा संशोधन गरेर बचत तथा ऋणको कारोबार गर्ने संस्थाको नियमन, निरीक्षण तथा सुपरीवेक्षणको काम राष्ट्र बैंकको अधिकार क्षेत्रभित्र ल्याउन लागिएको छ।

कुन कुन ऐन संशोधन हुँदैछन् ?
प्रतिनिधिसभामा दर्ता भएको 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९' मार्फत् निकासी पैठारी (नियन्त्रण) ऐन २०१३, पानी जहाज दर्ता ऐन २०२७, मालपोत ऐन २०३४, पर्यटन ऐन २०३५, भवन ऐन २०५५, दामासाहीसम्बन्धी ऐन २०६३, धितोपत्रसम्बन्धी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० मा संशोधन गर्न लागिएको छ। त्यस्तै, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४, पारस्परिक कानुनी सहायता ऐन २०७०, सङ्गठित अपराध निवारण ऐन २०७०, विद्युत् नियमन आयोग ऐन २०७४, सहकारी ऐन २०७४, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ र बीमा ऐन २०७९ मा संशोधन गर्न लागिएको छ।

मुलुकी अपराधसंहिता २०७४ र मुलुकी फौजदारी कार्यविधिसंहिता २०७४ मा पनि विधेयकमार्फत् संशोधनको प्रस्ताव गरिएको छ।रासस

# 'बालविवाह गरिए कारवाही गरिने'



विनय कर्ण
सप्तरी, ९ फागुन । सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नम्बर ५ मा बालविवाह गरे को पाईए कारवाही हुने भएको छ।

बालविवाह तथा महिला हिंसा अन्त्यका लागि सञ्चालन गरि एको अभियान अन्तर्गत मंगलबार बालबालिकाको सहभागितामा सचेतनामूलक र्‍याली प्रदर्शन गर्दै वडा अध्यक्ष ललनप्रसाद राउतले बालविवाह गरे वडा कार्यालयले कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउने बताए।

वडा कार्यालयले २५ माघमा बालविवाह अन्त्यका लागि अभियान सञ्चालन गर्ने निर्णय गरेको बताउँदै उनले सोही निर्णयानुसार सचेतना ल्याउन अभियान चलाई रहेको जानकारी दिए।

बालविवाहका कारण बालबालिकाको भविष्य विग्रिदै गएको उल्लेख गर्दै वडाध्यक्ष र ाउतले बालविवाह गर्न लागेको थाहा पाएमा स्थानीय प्रशासन मार्फत कारबाहीको प्रक्रिया अगाडी बढाईने बताए । उनले यसका लागि बालबालिकाहरुले सहयोग गर्नुपर्ने आवश्यकता पनि औल्याए।

## सबैको अपनत्व नभएसम्म........................

दुःखद रहेको बताए।
सभामुख मण्डलले जसरी संस्कृतलाई देवमुनीहरुको मात्र भाषा भनिएपछि त्यो भाषा नै मृत्युवरणमा पुगेकाले, मैथिली भाषामाथि पनि सिमित जात जातिको अधिपत्य हटाएर सबैको अपनत्व नबनाएसम्म संस्कृत भाषाकै अवस्थामा पुग्न सक्ने बताए। उनले मैथिली विकासको ३० लाख सहयोग गर्ने प्रतिबद्धता समेत जनाए। कार्यक्रममा भाषाविद्व डा.रामअवतार यादवले सन १९५२ फेव्ररुअरी २१ मा बंगलादेशको ढाका विश्वविद्यालयमा भएको भाषिक आन्दोलनमा पाँचजनाले शहादत दिएपछि मातृभाषा संस्थागत रुपमा अभियान भएको र पछि सोहि दिनमा दिवसको रुपमा मनाउन थालिएको बताए। उनले असंख्यक आमाहरु नै आफु बोल्ने भाषाको बारेमा जानकार नरहेको बताउदै भाषा प्रतिको अस्पष्टता र आशंकाले संस्कृती र पहिचान नै लोप हुदै गएको बताए । त्यसैगरि विद्वान डा. राजेन्द्र प्रसाद विमलले मैथिली भाषा सधै खुट्टाको बलमा नभई टाउको बलमा मात्र चल्ने गरेकाले आज संकटमा रहेको भन्दै वालवालिकाहरुको प्राथमिक तहकै शिक्षामा मैथिली पढने वातावरणको निर्माण हुन आवयश्क रहेको बताए।

डा. विमलले मैथिली भाषा चुनाव अघिको मुख्य एजेन्डा बन्नु पर्ने र भाषाप्रतिको माया रहेको उम्मेदवारलाई मात्र मत दिनुपर्ने बताए । त्यसै गरि मधेश प्रज्ञा प्रतिष्ठानका उपकुलपती रामभरोष कापडि भ्रमरले स्वयम र प्रतिष्ठानको तर्फबाट मैथिली भाषाको विकास र शब्दकोष निर्माण गर्ने प्रतिवद्वता व्यक्त गरे। उनले मैथिलीलाई मधेशको कामकाजको भाषा बनाउन नसक्नु दुःखद रहेको बताए। कार्यक्रममा अभियानी रोशन जनकपुरी, परमेश्वर कापडि नेताहरु रामसरोज यादव, परमेश्वर साह, वृशेषचन्द्र लाल सहितकाले मैथिली भाषालाई सत्ता सरकारको साहारा नरहेपनि समाजले नै जिवन्त राखेको बताउदै राजनितिक दल सरकारलाई सचेत गराउन आवयश्यक रहेको बताए । कलाकार तथा साहित्यकार रमेश रञ्जन झाले आफुलाई २०७८ सालको जनगणनामा मैथिली भाषा सातौ नम्वरको भाषामा खस्किरहेको अपुष्ट खवर आएको बताए। कोषका अध्यक्ष जिवनाथ चौधरीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा जनकपुरधामका उपप्रमुख किशोरी साह, नेतृ विभा ठाकुर, नेपाल पत्रकार महासंघकी केन्द्रिय सदस्य रिंकु मिश्र गायत्री, साहित्यकार महेन्द्र मिश्र, पुनम झा मैथिल, कलाकार सुनिता मण्डल सहितको उपस्थिती थियो।

## प्रेमीले अर्कै संग ......................

गरेपछि मुखियाले घट्ना मिलापत्र नगरे ज्यान समेत मार्ने धम्की फोन मार्फत दिएको पीडित युवतीले बताएकी छिन्।

घटना बारे प्रहरीलाई २९ माघमा गते जानकारी गराएको तर सुनुवाई नभएको युवतीको गुनासो छ। घट्नाबारे बुझ्ने काम भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रवक्ता नरेशकुमार सिंहले बताए। "उजुरी आएको छ, बुझ्ने काम भईरहको र मुखिया सम्पर्कमा आएपछि यसवारे थप कुरा खुल्छ" प्रवक्ता सिंहले भने।

यता आरोपित कपिल मुखियाले आफूसंग कुनै प्रेम सम्बन्ध नभएको बताएका छन्। उनले युवती संग 'फ्रेण्डसीप' रहेको र फोनमा कुराकानी हुँदै आएको बताए। "फ्रेण्डसीप थियो। प्रेम सम्बन्ध र प्रेमविवाह पनि भएको थिएन। मेरो विवाह तय भएपछि मलाई फोन गरेर तनाव दिन थालेपछि उनको घरमा गएर डर देखाएको हुँ, म माथि लगाएको सबै आरोप निराधार हो।

युवतीको कारण म एक महिना देखि तनावमा छु" मुखियाले भने।

मेरो विवाह भन्दा एक दिन अघि युवतीले मलाई उनी संग विवाह नगरे प्रहरीमा जाने धम्की दिएको उनले बताए। ४ बर्ष अघि नै युवतीको भारतको विहार स्थित डगमारामा विवाह भएको र पतिलाई छाडेर उनी अर्के केटा संग काठमाडौं गएको बताउँदै मुखियाले "विवाह भईसकेको युवती संग म कसरी विवाह गर्न सक्छु? कसैको उक्साहटमा युवतीले मलाई फँसाएर मेरो चरित्रलाई बदनाम गर्ने चक्रवियु रचेको हो" मुखियाले भने।

## आत्मनिर्भर अर्थतन्त्रको ..................................

रुपमा आत्मनिर्भर हुन सम्भव नै छैन।
व्यवहारतः हरेक देशले बढि भन्दा बढि प्रकार र परिमाणमा वस्तु उत्पादन स्वदेशमा नै गर्न सकियोस र वस्तु तथा सेवा अन्य देशबाट खरिद गर्न नपरोस भन्ने चाहना राख्नु स्वभाविक हो। यसका लागि सरकारले स्वदेशी उत्पादनलाई प्रतिस्पर्धी बनाउन योगदान गर्ने हो। नेपालले पनि यस विषयलाई प्राथमिकतामा राख्नुपर्छ। भन्सार विभागको तथ्यांक अनुसार गत आर्थिक वर्ष २०७८र७९ मा नेपालले झण्डै २० खर्व रुपैयाँ बराबरको वस्तु आयात गरेको देखिन्छ भने सोही अवधिमा २ खर्ब बराबरको निर्यात भएको देखिन्छ। यसले नेपाल देशभित्रको उपभोग्य वा अन्य प्रयोजनका लागि आवस्यक वस्तुको माग धान्न निकै ठूलो परिमाण र मुल्यमा वस्तु आयात गर्नुपर्ने अवस्थामा छ। कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ९० प्रतिशत भन्दा ज्यादा र निर्यातको हिस्सा १० प्रतिशत भन्दा पनि कम रहेको छ।

यो आँकडाले नेपाल आन्तरिक उत्पादन र निर्यातमा निकै कमजोर रहेको देखाउँछ तर यसकै आधारमा देश परनिर्भर भयो भन्न मिल्दैन। किनभने आन्तरिक वा वाह्य रोजगारी जुनसुकै रुपमा भएपनि नेपालीले आफ्नै आम्दानीले वस्तु तथा सेवा खरीद गरिरहेका हुन। कसैको अनुदान वा निगाहमा वस्तु विदेशबाट ल्याइएको होइन। जुनसुकै देशबाट वस्तु वा सेवा खरीद हाम्रो अधिकार र विवेकपूर्ण छनोटको कुरा भएकोले यसकै आधारमा नेपाल परनिर्भर भयो भन्ने तर्कलाई किमार्थ सही मान्न सकिँदैन।

विदेशबाट सामान खरीद गर्न बैदेशिक मुद्रा आवस्यक पर्ने र त्यो मुलत प्रत्यक्ष वैदेशिक लगानी, पर्यटन आय र विप्रेषणमा आधारित हुने हुनाले कुनै पनि बेला हामीसँग वस्तु तथा सेवा खरीद गर्न बैदेशिक मुद्रा नै नहुने हो कि भन्ने जोखिम भने छ। जुन श्रीलंकाको अवस्था जस्तै हो।

त्यसैले यस्तो जोखिम कम गर्न, आन्तरिक रोजगारी सिर्जना गर्न र वस्तु तथा सेवामा अन्य देशसँगको निर्भरता घटाउन तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादन र व्यापार हाम्रो प्राथमिकता हुनुपर्छ। अन्य देशका वस्तु हामीलाई चाहिए जस्तै अन्य देशलाई पनि हाम्रो उत्पादन नभई नहुने अवस्था ल्याउनु हाम्रो साझा उद्देश्य भएमा आयातलाई लिएर चिन्तित भइराख्नु पर्दैन। पर्यटन सेवा त्यस्तो एउटा विकल्प हुनसक्छ। दक्ष जनशक्ति उत्पादन र विकास पनि हाम्रो प्रतिस्पर्धात्मक लाभको क्षेत्र नहोला भन्न सकिन्न। आत्मनिर्भरता नभई सन्तुलित वैदेशिक व्यापार मार्फत अन्तरनिर्भता प्रवर्द्धन हाम्रो प्राथमिकता हो र हुनुपर्छ। (श्रोत :आइएनएस्व –स्वतन्त्र संचार संस्था )

## जलवायु परिवर्तन ..........................................

वार्षिक रुपमा बजेट विनियोजन हुँदै आएको छ । मनाङको सहज यातायातका लागि सरकारले विशेषरुपमा सडक निर्माण तथा विकास निर्माणका लागि बजेट विनीयोजन गर्दै आएको छ। विपदग्रस्त जिल्लालाई समावेश गरेर सङ्घ सरकारमार्फत विपद व्यवस्थापन विभागबाट रु तीन करोड १४ लाख बजेट विनियोजन भएपछि तालगाउँको संरक्षणको लागि तटबन्धन निर्माणको काम भने भइरहेको पूर्वाधार कार्यालयले जनाएको छ।

मनाङको तिमाङमा रु २२ करोडको लागतमा सडक ढलानको काम अन्तिम चरणमा पुगेको छ । निर्माणकार्य सकिने अवस्थामा जाडो मौसमले गर्दा केही ढिलाइ हुने भएको जनाइएको छ । हिमाल कालापत्थर हिमपात नभएपछि हिमशृत ला कालापत्थर देखिन थालेका छन् । हिउँले सेताम्मे ढाकिनुपर्ने हिमाल हिमपात नहुँदा पग्लिएर नाङ्गिन थालेका छन्। पुसदेखि माघसम्म सेताम्मे देखिनुपर्ने हिमालमा यसवर्ष हिमपात हुन नसक्दा हिउँ पग्लिएर हिउँको मात्रा घट्दै गएका छन्।

जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा प्रत्यक्षरूपमा पारेको स्थानीयवासीको भनाइ छ । हिमपात नभएपछि हिमालको हिउँ पग्लिएको छ । हिउँ पग्लिएपछि हिमाल नाङ्गिँदै गएका छन् । पछिल्लो वर्षमा हिमपात पर्ने समय नै परिवर्तन भएको छ। मौसम फेरिएर पुस-माघमा हिउँ नपर्ने र फागुन-चैतमा हिउँ पर्ने अवस्था आएको छ। हिउँ नपरेपछि यतिबेला अन्नपूर्ण दोस्रो, तेस्रो, चौंथो, चलु फरेस्ट, हेम्लुङ, मनास्लु, निलगिरि, तिलिचो पिक, थोराङ पिकलगायतका हिमाल रङ उडेझैं फिक्का देखिन थालेका छन्।

मौसमी हिमपात हुन छाडेर बेमौसमी हिमपात हुन थालेपछि स्थानीयवासीले हिमाली तथा उच्च पहाडी क्षेत्रमा जलवायु परिवर्तनको असर महसुस गर्न थालेको अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना मनाङका प्रमुख लेखनाथ गौतमले बताउनुभयो । उहाँका अनुसार समयमा हिमपात नहुँदा हिमालमा हिउँको मात्रा घट्दै जाँदा हिमाल काला पहाडजस्ता देखिन थालेको र जङ्गली फूलहरूमा समेत त्यसको प्रभाव देखिएको छ पर्यटक घटे हिमाली जिल्लामा समेत हिमपात नभएपछि हिउँ खेल्न आउने पर्यटक घटे । विगतका वर्षमा हिमपात हुनासाथ मनाङ आउने पर्यटक यसवर्ष आउने वातावरण बनेन । "हिउँ परे हिमाल सेताम्मे हुन्थे, हिमपातपछि मौसम खुल्थ्यो, अहिले दिनहुँ हुस्सु मात्रै छ, हिमाल पनि हिउँविहीन देखिन थालेका छन्, मौसम यसरी नै बिग्रँदै जाने हो भने हिउँदमा हिमपात नै नहुने हो कि भन्ने कौतुहलता बढेको छ', पर्यटन व्यवसायी सङ्घ मनाङका अध्यक्ष विनोद गुरुङले भन्नुभयो ।गतवर्ष पुस पहिलो साता नै हिमपात भएपछि हिउँ खेल्नका लागि पर्यटकको उल्लेख्य आगमन भएको उहाँले बताउनुभयो। यस वर्ष हिउँ नपरेपछि पर्यटन व्यवसायसमेत प्रभावित बनेको उहाँको गुनासो छ। "हिउँ खेल्न पर्यटक खचाखच हुन्थे, हिमपात नभएपछि सबै होटल सुनसान छन्, सुक्खा जाडोको कारण नेपाली पर्यटक पनि घुम्न आउन छाडेका छन्', उहाँले भन्नुभयो।

हिउँ नपरे पनि चिसो भने अत्यधिक बढेपछि जनजीवन प्रभावित बनेको छ। हिमपात भएपछि भने यहाँका पर्यटकीयस्थलमा पर्यटक भरिभराउ हुने गरेका थिए। जलवायु परिवर्तनको असर हिमालमा मात्रै होइन, जङ्गली फूलहरूमा पनि देखिन थालेको छ । चैत-वैशाखमा फूल्ने लालीगुराँस यसवर्ष पुसदेखि नै फुलेको देखिएको छ।

जङ्गलमा लालीगुराँस पुसमै फुलेपछि स्थानीय अचम्मित बनेका छन्। "मौसम परिवर्तन हुँदै गएको छ, भारी वर्षा र भारी चिसोको समस्या हरेक वर्ष बढ्दो छ, पानी र हिउँ समयमा पर्दैन, वनका फूल बेमौसममा फुल्न थालेका छन्, यो नै जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव भएको विज्ञहरु बताउँछन् । (रासस)

# आइसिसी लिग–२ : नेपाललाई त्रिकोणात्मक सिरिजको उपाधि

काठमाडौँ, ९ फागुन
आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत घरेलु मैदानमा भएको त्रिकोणात्मक एकदिवसीय सिरिजको उपाधि नेपालले जितेको छ। चौथो तथा आजको अन्तिम खेलमा स्कटल्याण्डलाई दुई विकेटले हराउँदै नेपालले सिरिजमाथि कब्जा जमाएको हो। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेपछि स्कटल्याण्डले पहिला ब्याटिङको निम्तो पाएको थियो । स्कटल्याण्डले निर्धारित ५० ओभरको खेलमा ४६ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै दुई सय १२ रनको योगफल बनायो। दुई सय १३ रनको विजय लक्ष्य नेपालले ३५ बल बाँकी छँदै आठ विकेट गुमाएर पुरा गऱ्यो।



नेपालले ६१ रन बनाउँदा आफ्ना महत्वपूर्ण पाँच विकेट गुमाइसकेको थियो। एक सय ३८ रन बनाउँदा आठ विकेट गुमाएको अवस्थामा नेपाली पारीलाई कप्तान रोहितकुमार पौडेल र अलराउण्डर करण केसीले उत्कृष्ट खेल प्रदर्शन गरेपछि सिरिजको उपाधि सुरक्षित सम्भव भएको हो। दुवैबीच ७५ रनको साझेदारी भएको हो। कप्तान पौडलेले अविजित ९५ तथा केसीले ३१ रनको योगदान दिए । यस्तै ज्ञानेन्द्र मल्लले २१, कुशल मल्लले १७ र आशिफ शेखले १२ रन बनाए। बलिङतर्फ स्कटल्याण्डका मार्क वाटले तीन र क्रिस ग्रेभ्ब्सले दुई विकेट लिए।

यसअघि दुई सय १२ रन बनाउने क्रममा स्कटल्याण्डका लागि जर्ज मुन्शेले सर्वाधिक ६० रनको योगदान दिए। उनले ५० बलमा नौ चौका र दुई छक्काको मद्दतमा ६० रन बनाए। यस्तै म्याथ्यु क्रसले ४२, ब्रेन्डन म्याकुलमले ३१ तथा काइल कोट्जर र क्रिसटोफर म्याकब्राइडले समान २२/२२ रन बनाए।

बलिङतर्फ नेपालका सन्दीप लामिछानेले चार विकेट लिए । यस्तै करण केसीले तीन, ललितनारायण राजवंशी र कुशल मल्लले समान एक एक विकेट लिए । यसअघिको खेलमा पनि नेपालले स्कटल्याण्डलाई तीन विकेटले हराएको थियो । यस्तै नेपालले नामिबियाविरुद्धको पहिलो खेल दुई विकेटले र दोस्रो खेल तीन विकेटले जितेको थियो । लिग-२ मा नेपाल २६ अङ्कका साथ छैटौं स्थानमा छ।

नेपालले हालसम्म खेलेका २८ खेलमध्ये १२ मा जित तथा १४ खेलमा हार बेहोरेको छ । यस्तै स्कटल्याण्डले ३६ खेलमा ५० अङ्क जोड्दै शीर्षस्थान रहँदै लिग-२ टुङ्ग्याएको छ । स्कटल्याण्ड लिग-२ को च्याम्पियनसमेत बनेको छ । यस्तै जारी सिरिजमा चारवटै खेलमा पराजित भएको नामिबियाले हालसम्म ३४ खेल खेल्दै ३७ अङ्क जोडेको छ। नामिबिया लिग-२ को तेस्रो स्थानमा छ। रासस

# नेशनल इन्फोटेक क्लब जिते क्रिकेट लिगको उपाधी



मधेशदृष्टि
वीरगंज,९ फागुन।
वीरगन्जमा आयोजित पर्सा क्रिकेट लिग २०७९ को उपाधि नेशनल इन्फोटेक क्लबले जितेको छ । मंगलबार वीरगन्जको नारायणी रंगशालाको क्रिकेट मैदानमा भएको फाइनल खेलमा युनाइटेड क्रिकेट क्लब मुर्ली वीरगन्जलाई ३ विकेटले हराउदै नेशनल इन्फोटेकले उपाधि जितेको हो। टस जितेर पहिले व्याटिंग गरेको युनाइटेड क्रिकेट क्लब मुर्लीले पुरा २० ओभर खेल्दै ९ विकेटको क्षतिमा १४६ रन बनाएको थियो।

१४७ रनको लक्ष्य नेशनल इन्फोटेकले पुरा २० ओभर खेल्दै ७ विकेटको क्षतिमा पुरा गरेको हो। वीरगन्ज महानगरपालिकाको आर्थिक सहयोगमा पर्सा क्रिकेट संघले फागुन २ गते देखि आयोजना गरेको प्रतियोगितामा ८ वटा टिमले भाग लिएका थिए । प्रतियोगिताको समापन समारोहमा विजेता र उपविजेता टिमलाई ट्रफी र मेडल प्रदान गर्दै पूर्व वन तथा वातावरण मन्त्री प्रदीप यादवले स्थानीय खेलाडीका प्रतिभा प्रस्फुटन गर्न यस्ता प्रतियोगिता आयोजनालाई निरन्तरता दिन वीरगन्ज महानगरलाई आग्रह गरे।

# कोरियाली प्रायद्वीपको समस्या राजनीतिक समाधानमा चीनको जोड


संयुक्त राष्ट्रसङ्घ, ९ फागुन
चीनले कोरियाली प्रायद्वीप समस्याको समाधान राजनीतिक समाधान खोजिनु पर्नेमा जोड दिएको छ। साथै उसले त्यसनिम्ति सम्बद्ध पक्षको प्रतिबद्धता अपरिहार्य भएको बताएको छ । संयुक्त राष्ट्रसङ्घ लागि चीनका स्थायी उपप्रतिनिधि डाई बिङले कोरियाली प्रायद्वीपमा फेरि द्वन्द्व बढेको वास्तविकतातर्फ ध्यानाकर्षण गराउँदै स्थिति थप चर्किन सक्ने चेतावनी दिए । उनले द्वन्द्वबाट कुनै पक्षको हित नहुने बताउँदै चीनले कोरियाली प्रायद्वीपमा दिगो शान्ति चाहेको उल्लेख गरे । हामी सम्बन्धित पक्षहरूलाई शान्त र संयमित हुन, राजनीतिक समाधानको सही दिशामा प्रतिबद्ध रहन आह्वान गर्छौं । तनाव बढाउने कार्य नगर्न अपील गर्छौं, सुरक्षा परिषद् बैठकमा नियोग उपप्रमुख डाईले भने। कोरियाली प्रायद्वीप मुद्दाको जडमा जडमा ध्यान केन्द्रित गर्न आवश्यक भएको उनले बताए। उत्तरकोरियाले लामो समयदेखि



ठूलो सुरक्षा दबाब, चुनौती र धम्कीको सामना गरिरहेको पनि उनले उल्लेख गरे।
यो वर्षको सुरुदेखि नै संयुक्त राज्य अमेरिका र उसका सहयोगीहरूले प्रायद्वीप वरिपरि संयुक्त सैन्य गतिविधि बढाएकाले उक्त क्षेत्रमा असुरक्षाको भावना बढेकाले सम्बद्ध पक्षलाई गम्भीर हुन नियोग उपप्रमुख डाईले आग्रह गरे। उत्तर कोरियासँग अमेरिकाले निःशर्त वार्ता गर्नुपर्नेमा पनि उनले जोड दिए।
कोरियाली प्रायद्वीपको समस्या समस्या समाधानमा सुरक्षा परिषद्ले रचनात्मक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै चिनियाँ कूटनीतिज्ञले प्रायद्वीपको वर्तमान अवस्था अत्यन्त संवेदनशील एवम् जटिल भएकाले परिषद्को गतिविधिले परिस्थितिलाई सहज बनाउन तथा आपसी विश्वास अभिवृद्धि गर्न मद्दत पुग्ने विचार व्यक्त गरे। (रासस/सिन्ह्वा)

# चक्रवात प्रभावित क्षेत्रमा पुनर्निर्माण थाल्न मन्त्रीहरू नियुक्त

वेलिङ्टन, ९ फागुन
न्युजिल्याण्डका प्रधानमन्त्री क्रिस हिपकिन्सले चक्रवात गेब्रियलबाट भएको क्षतिको मूल्याङ्कन, पुनर्निर्माणलगायत समन्वयात्मक कामका लागि मन्त्रीहरू नियुक्त गरेका छन्।
प्रधानमन्त्री हिप्किनसले अर्थमन्त्री ग्रान्ट रोबर्टसनलाई प्रतिकूल मौसमबाट भएको क्षतिको आकलन एवम् पुनःप्राप्तिका समितिको अध्यक्षमा नियुक्त गर्नुभएको छ भने चक्रवात ग्रेबिएलबाट भएको क्षतिको विवरण सङ्कलन एवम् पुनर्निर्माणका कामको नेतृत्व पनि उनले गर्नेछ। उनको सहयोगीका रूपमा बारबरा एडमन्ड्सलाई नियुक्त गरिएको छ।
समितिको सदस्यमा स्वयम् प्रधानमन्त्री हिप्किन्स र आपत्कालीन व्यवस्थापनमन्त्री



किरन म्याकअनल्टी सदस्य छन्। गत साता आएको चक्रवातमा परी ११ जनाको मृत्यु भएको छ भने तीन हजार दुई सयभन्दा बढी बेपत्ता भएका छन् । प्रधानमन्त्री क्रिस हिपकिन्सले ज्यान गुमाउनेको संख्या बढ्न सक्ने बताएका छन् । साथै उनले पुनर्निर्माणका निम्ति करिब १३ अर्ब न्युजिल्याण्ड डलर आवश्यक पर्ने बताएका छन् । स्थानीय सञ्चार माध्यमका अनुसार आइतबार साँझसम्म तीन हजार दुई सय जना सम्पर्कविहीन भएका थिए भने २० हजारभन्दा बढी घर र व्यवसाय विद्युत्विहीन बनेका थिए। धेरै स्थानमा सम्पर्क विच्छेद भएकाले वेपत्ता भएकाको संख्या अझ बढी हुने अनुमान प्रहरीले गरेको छ। हक्स वे र ताइराविटी क्षेत्रका धेरै मानिस हराएका छन्। प्राकृतिक विपत्तिबाट करिब दश हजार सर्वसाधारण विस्थापित भएका छन् । सन् २०११ को फेब्रुवरीमा क्राइस्टचर्च भूकम्पपछि न्युजिल्याण्डमा अति धेरै सर्वसाधारण विस्थापित भएका हुन्। प्रधानमन्त्री हिपकिन्सले चक्रवात गेब्रियल यो शताब्दीको सबैभन्दा भीषण प्राकृतिक विपत्ति परेको र त्यसले देशमा अकल्पनीय क्षति भएको बताएका छन् । गत सोमबारदेखि न्युजिल्याण्डमा आपत्कालीन स्थिति घोषणा गरिएको छ । देशको इतिहासमा यो तेस्रो आत्पकाल हो। प्रतिकूल परिस्थितिका कारण हवाई सेवाका साथै विद्यालय पनि बन्द छन् । देशको सबैभन्दा ठूलो शहर अकल्याण्डमा तीन साताअघि मुसलधारे वर्षा हुँदा चार जनाले ज्यान गुमाएका थिए । (रासस)

# इथियोपियामा प्रशिक्षण अवसर, लक्ष्य एसियाड पदक

९ फागुन, काठमाडौं। तीन वर्षअघि १३औं दक्षिण एसियाली खेलकुदमा १० हजार मिटर दौडमा भारतीय प्रतिस्पर्धीलाई मिलिसेकेण्डले पछि पार्दै नेपाल एथलेटिक्सका लागि ऐतिहासिक स्वर्ण जितेकी सन्तोषी श्रेष्ठ त्यसयता 'गोल्डेन गर्ल'को उपनामबाट चिनिन्छिन्।
झण्डै दशक लामो खेलाडी जीवनमा दक्षिण एसियाली च्याम्पियन बनिसकेकी सन्तोषीले अब एसियाली खेलकुदमा पदक जित्ने तयारीतर्फ आफूलाई केन्द्रित गर्ने भएकी छन् । कोरोना महामारीका कारण १ वर्ष पछि धकेलिएको एसियाली खेलकुद आगामी सेप्टेम्बर २३-८ अक्टोबरसम्म चीनमा हुँदैछ।
नेपाली महिला खेलाडीले एसियालीस्तरको सिनियर प्रतिस्पर्धामा अहिलेसम्म पदक जित्नु त परैको कुरा पदकको छेउछाउसम्म पुग्न सकेका छैनन्। दक्षिण एसियाली खेलकुदमा ऐतिहासिक स्वर्ण जितेकी २९ वर्षीया सन्तोषीको टार्गेट अब एसियाली खेलकुदमा सरेको छ।
ठूलो सपनालाई पछ्याउने आत्मविश्वास सन्तोषीमा त्यसै आएको होइन। विश्व एथलेटिक्समा प्रतिष्ठित एजेन्सी ग्लोबल स्पोर्टस कम्युनिकेसन्सले सन्तोषीको करिअर विकासको जिम्मा लिएको छ। एक वर्षका लागि उनले विश्वका उत्कृष्ट प्रशिक्षकको मातहत एलिट खेलाडीहरुसँग प्रशिक्षणको अवसर पाएकी छन्।
आइतबार राष्ट्रिय खेलकुद परिषद (राखेप) सदस्यसचिवलगायतले सन्तोषीलाई बिदाइ गरेका छन्। सन्तोषीले ३५ दिन इथियोपियाको राजधानी शहर अद्दिस अबाबामा रहेको एकेडेमीमा रहेर प्रशिक्षण गर्नेछिन्।
इथियोपिया विश्वमा लामो दूरीका धावक उत्पादन केन्द्र भन्दा पनि फरक पर्दैन। ओलम्पिक र विश्व च्याम्पियनसिप तथा विश्व कीर्तिमानहरुमा यहीँका खेलाडीहरुको वर्चश्व रहने गर्छ।
त्यसपछिको करिब डेढ महिना आफ्नो लगातार दोहोरिने चोटलाई निर्मुल पार्न युरोप जानेछिन् । करिब दुई महिना बेल्जियम र नेदरल्याण्ड्समा रहँदा उनले उनले प्रशिक्षणलाई निरन्तरता दिनेछिन् भने आधिकारिक प्रतियोगिताहरुमा पनि सहभागिता जनाउनेछिन्।
नेदरल्याण्ड्समा केन्द्रीय कार्यालय रहेको ग्लोबल स्पोर्टसले विश्वभरका एलिट एथलेटिक्स खेलाडीलाई उनीहरुको करिअर विकासमा सहयोग गर्दै आएको छ। म्याराथनमा दुईपल्टको ओलम्पिक च्याम्पियन तथा विश्व कीर्तिमानधानी इलिउड किप्चोगेलगायतको व्यवस्थापन हेरिरहेको यस संस्थाबाट छात्रबृत्ति पाउने सन्तोषी दक्षिण एसियाकै पहिलो र एसियाकी दोस्रो खेलाडी हुन्।
उनको छात्रबृत्ति सन् २०२३ को जनवरीदेखि नै सुरु भएको हो। त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर सक्नका लागि उनले दुई महिना ढिला गरी प्रशिक्षणमा जाने निर्णय लिइन्। खेलकुद र शिक्षालाई सन्तुलित रुपमा अगाडि बढाउनका लागि अन्तिममा आएको डिग्री लिने सोच बनाएको सन्तोषी बताउँछिन्।
इथियोपियामा सन्तोषीले हाफ म्याराथनमा विश्व कीर्तिमान बनाउने खेलाडी उत्पादन गर्ने प्रतिष्ठित प्रशिक्षक तास्सेमा अब्सेरोसँग प्रशिक्षण लिनेछिन् । त्यस्तै ग्लोवल स्पोर्टसकै दुईजना फिजियो थेरापिस्टको प्रमुख निगरानीमा रहनेछिन्।
ग्लोवलस्पोर्टसले ड्यान भान डेन वर्गलाई उनको व्यक्तिगत म्यानेजर तोकेको छ। विश्वकै शीर्षस्तरका खेलाडी सन्तोषीको मेन्टरको भूमिकामा हुनेछन्। राष्ट्रिय खेलकुद परिषद (राखेप)ले उनले पाएको यो अवसरलाई आसन्न एसियाली खेलकुदमा प्रयोग गर्न सकिने अपेक्षा राखेको छ। सदस्यसचिव टंकलाल घिसिङले भनेका छन्, 'हामीले अब सन्तोषीबाट योभन्दा राम्रो र सुधारिएको प्रदर्शनको अपेक्षा राख्न सक्छौं । इथियोपिया र युरोपमा पाएको ज्ञानले आसन्न एसियाली खेलकुद र पेरिस ओलम्पिकमा नेपालले गर्व गर्ने नतिजा मिलोस्।'
सन्तोषीले पनि यो अवसरका लागि आफूलाई भाग्यमानी ठानेकी छन्। उनलाई विश्वास छ, उनको करिअर विकासका लागि यो प्रशिक्षण र छात्रवृत्तिले महत्वपूर्ण भूमिका खेल्नेछ । त्यसो त ग्लोवल स्पोर्टसले सन्तोषीलाई १ वर्षदेखि नै अनुगमन गरिरहेको छ। अप्रिल २०२२ मा सम्पन्न इस्तानबुल हाफ म्याराथनमा उनको सहभागिता पनि ग्लोबल स्पोर्टसमार्फत नै भएको हो । तर, प्रतियोगिताअघि चोट ब्यहोर्नुपर्दा उनले राम्रो प्रदर्शन गर्न सकिनन्।
'आफ्नो क्षमता पहिचान र त्यसलाई आगामी दिनमा प्रयोग गर्नका लागि पनि यस्तो प्रशिक्षण मेरा लागि जरुरी छ। सधैं नतिजा र उपलब्धीमात्र ठूलो हुँदैन। नतिजा र उपलब्धीअगाडि त्यसको प्रक्रियामा ध्यान दिन्छ,' ५ हजार, १० हजार र हाफ म्याराथनकी राष्ट्रिय कीर्तिमानधानी सन्तोषीले थपिन्, 'त्यसैले यो मेरा लागि सुवर्ण अवसर हो। जसमा मैले सिक्ने र एक्स्पोजर पाउँछु। एसियालीस्तरमा निश्चित रुपमा योभन्दा माथिल्लोस्तरमा प्रदर्शन गर्नेछु।'
लामो दूरीमा ठूलो सम्भावना बोकेकी सन्तोषीलाई नेपालका पूर्व स्प्रिन्ट च्याम्पियन, एथलेटिक्स संघका पूर्व अध्यक्ष तथा प्रशिक्षक रघुराज वन्तले २०७१ सालमा पहिचान गरेका हुन्।

# 'बाइडेनको युक्रेन र पोल्याण्ड भ्रमणलाई नजिकबाट नियालीरहेका छौं'



मस्को, ९ फागुन
रुसले अमेरिकी राष्ट्रपति जो बाइडेनको युक्रेन र पोल्याण्डको भ्रमणलाई 'नजिकबाट' नियालीरहेको बताएको छ । अमेरिकी राष्ट्रपतिको युक्रेनको आकष्मिक भ्रमणको एक दिनपछि क्रेमलिनले मङ्लगलबार उनका गतिविधिलाई नजिकबाट हेरिरहेको बताएको हो। मंगलवार उनले पोल्याण्डको राजधानी वार्सामा युक्रेन युद्धलाई लिएर मन्तव्य व्यक्त गर्ने कार्यक्रम छ।
स्वाभाविक रूपमा हामीले अमेरिकी राष्ट्रपतिको भ्रमणई नजिकबाट नियालीरहेका छौं, मंगलवार पोल्याण्डमा के हुन्छ भन्नेमा पनि हामी उत्सुक छौं, त्यसलाई नजिकबाट नियाली रहेका छौं, युक्रेनलाई हतियार आपूर्ति गर्ने अमेरिका र उसका सहयोगीको चाल बुझिरहेको उल्लेख गर्दै क्रेमलिनका दिमित्री पेस्कोभले रूसी टेलिभिजनमा भनेका छन्।
यसअघि अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले म्युनिख सुरक्षा सम्मेलनलाई शनिबार सम्बोधन गर्दै युक्रेनमा मानवताविरुद्ध रुसले अपराध गरेकाले उसलाई दण्ड दिनुपर्ने बताएका थिए।
रुसी सेनाले गैरसैनिक क्षेत्रमा गरेको आक्रमण आलोचना गर्दै उपराष्ट्रपतिले हत्या, यातना, बलात्कार र निर्वासन जस्ता घृणित कार्य भएकामा रुसको निन्दा गरेका थिए। रुसी सेनाले युक्रेनमा युद्ध अपराध गरेको र अपराधीहरूलाई आफ्ना सहयोगीसँग मिलेर कारबाही गर्ने वाइडेन प्रशासनले गत मार्चमा औपचारिक रूपमा बताएको थियो।
रुसी अधिकारीहरूले युक्रेनबाट बालबालिकासहित हजारौं मानिसलाई जबरजस्ती निर्वासनमा जान बाध्य, पारेको बालबालिकाहरूलाई निर्ममतापूर्वक परिवारबाट अलग गराइएका धेरै प्रमाण अमेरिकासँग रहेको उपराष्ट्रपति ह्यारिसल बताएका थिए । (रासस/एएफपी)

# कम्बोडियाद्वारा शान्ति सेनामा नयाँ फौज परिचालन

नोमपेन ९ फागुन
कम्बोडियाले सेन्ट्रल अफ्रिकन रिपब्लिक (सीएआर) मा ९८ शान्ति सैनिकको नयाँ फौज पठाएको छ। युद्धग्रस्त सीएआरमा शान्ति स्थापना गर्ने संयुक्त राष्ट्रसङ्घीय शान्ति सेनामा १० महिलासहित ९८ शान्ति सैनिकको नयाँ समूह पठाइएको सरकारी अधिकारीहरूले बताएका छन्।
सैनिकहरूको बिदाइ समारोहमा बोल्दै नेशनल सेन्टर फर पिसकिपिङ फोर्सका महानिर्देशक जनरल सेम सोभानीले सीएआरमा सेनाले एक वर्षको कार्यादेश पूरा गरेको तथा नयाँ फौजले आठौँ समूहलाई प्रतिस्थापन गर्ने बताउनुभयो। सीएआरमा देशको फौज परिचालनले द्वन्द्वग्रस्त देशहरूमा शान्ति र स्थिरता कायम गर्ने कम्बोडियाको निरन्तर योगदानमा संयुक्त राष्ट्रसङ्घप्रतिको विश्वासलाई झल्काएको उहाँले बताउनुभयो। उहाँले कम्बोडियाली शान्ति सैनिकले वारुदी सुरुङ र विस्फोटक हतियार व्यवस्थापनमा काम गर्ने जानकारी पनि दिनुभयो। दक्षिणपूर्वी एसियाली राष्ट्र कम्बोडियाले पहिलो पटक सन् २००६ मा राष्ट्रसङ्घीय शान्ति सेनामा आफ्नो फौज पठाएको थियो। कम्बोडियाले हालसम्म लेबनान, माली, साइप्रस र यमन सुडान, दक्षिण सुडान, सिरियामा मिसनमा छ सय ८१ महिलासहित आठ हजार आठ सय ५९ शान्ति सैनिक परिचालन गरेको छ।
कम्बोडियाका लागि संयुक्त राष्ट्रसङ्घका आवासीय संयोजक जोसेफ स्च्युरले विश्व शान्ति र सुरक्षामा योगदान गर्ने कम्बोडियासहित अन्य देशले फौज परिचालन गरेकामा ती देशप्रति आभार व्यक्त गर्दै शान्ति सेनाको साहस र समर्पणको प्रशंसा गरे । उनले विष्फोट पदार्थको समुचित व्यवस्थापनमा कम्बोडियाली सेनाको विशेषज्ञता सीएआरमा





सर्लाहीको कौडेना गाउँपालिकाको छपकहियामा आजेदेखि सुरु भएको ९ दिवसीय 'पञ्च कुण्डीय विष्णु महायज्ञ एवम् श्री राम कथा वाचनको अवसरमा निकालिएको कलश यात्राका सहभागीहरु ।

*तस्बिर : विश्वनाथ ठाकुर*

# मधेश हात्तीपाईले रोगको उच्च जोखिममा



मधेशदृष्टि

वीरगञ्ज, ९ फागुन । मधेश प्रदेशका जिल्लाहरू हात्ती पाईले रोगको उच्च जोखिममा रहेको छ ।

विश्वमा रहेको हात्ती पाईले रोगी मध्ये धेरै रोगीहरू भरतको विहार, उत्तर प्रदेशमा रहेको हुँदा नेपालको सिमा क्षेत्रको जिल्लाहरु उच्च जोखिममा रहेका छन । विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदनमा नेपालमा पनि हात्ती पाईले रोगीको सङ्ख्या ३० हजार रहेको छ ।

नेपालमा पाईने रोगी मध्ये धेरै रोगीहरू तराई मधेशका जिल्लाहरूमा नै हुने अनुमान गरिइएको छ । मधेश प्रदेशका कतिपय जिल्लाहरूमा १० पटकसम्म हात्ती पाईले रोग विरुद्धको औषधि खुवाउँदा पनि रोगीहरू फेला पर्न रोकिएको छैन । यस पटक अभियानको रुपमा नै फागुन ११ गतेबाट स्वास्थ्यकर्मीहरूको प्रत्यक्ष सहभागिता तथा निगरानीमा हात्ती पाईले रोग विरुद्धको तीन प्रकारको औषधि खुवाइन थालिएको छ ।

२ वर्ष मुनिका बालबालिका, गर्भवती महिला, सिकिस्त बिरामी तथा २४ घण्टा अगाडी ज्वरो आएका व्यक्तिले मात्र औषधि खान नमिल्ने अरू सबैले खान मिल्ने स्वास्थ्य कार्यालय धनुषाका स्वास्थ्य अधिकृत शिवजी दासले जानकारी दिएका छन् ।

११ गतेबाट वारा, पर्सा, रौतहट, धनुषा लगायतका जिल्लाका सबै पालिकामा एक साथ तीन प्रकारको औषधि मान्छेको उचाइको आधारमा खुवाउन लागिएको छ ।

विश्व स्वास्थ्य सङ्गठनले उचाइका आधारमा औषधि खुवाउनका लागि निर्देशन दिइएको छ ।

# मौलापुर नगरपालिकालाई बद्नाम गर्न झूठा आरोप लगाइएको : साह



मधेशदृष्टि

रौतहट, ९ फागुन ।

आम जनता पार्टीका नेता त्रिभुवन साहले मधानी महोत्सवलाई प्रभावित गर्न खोज्दा रोकेपछि नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रले मौलापुर नगरपालिकामाथि झुठा आरोप लगाएको बताएका छन् । नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रका प्रमुख अरुण साहले मौलापुर नगरपालिकालाई बद्नाम गर्न झूठा आरोप लगाएको बताए ।

मधानी महोत्सवको आयोजक मौलापुरनगरपालिकाकोतर्फबाट मंगलबार मौलापुर स्थित पिकनिक पार्कमा पत्रकार सम्मेलनको आयोजना गरी नेता साहले यस्तो बताएका हुन ।

केन्द्रका प्रमुख साहले विद्युत अवरुद्ध गरी मौलापुर मधानी महोत्सवलाई प्रभावित गर्न खोज्दा आफूहरुले त्यस्तो नगर्न भन्दा उल्टै झूठा आरोप लगाएको नेता साहले बताए ।

नेता साहका अनुसार नगरपालिकाले फाल्गुन ५ गतेदेखि ७ गतेसम्म पतौरा स्थित महादेव मन्दिरको प्राङ्गणमा मधानी महोत्सवको आयोजना गरेको थियो ।

फागुन ५ गते उपराष्ट्रपति नन्दबहादुर पुनले महायज्ञ उद्धाटन गर्ने कार्यक्रम रहेको थियो । सोही दिन महायज्ञलाई बिथोल्ने उदेश्यले मौलापुर वितरण केन्द्रका प्रमुख अरुण साहले बिहानै देखि विद्युत लाइन अबरुद्ध गरेको थियो । उपराष्ट्रपति जस्तो अति विशिष्ट व्यक्ति मधानी महोत्सव उद्धाटन गर्न आउँदा विद्युत कार्यालयले विद्युत सेवा अवरुद्ध गरेको भन्दै आफूहरु कार्यालयमा गई विद्युत सेवा सुचारु गर्न आग्रह गर्दा कार्यालय प्रमुख साहले नमानेपछि सहायक इन्जिनियर महेन्द्र चौधरीलाई विद्युत जडान गर्न लागेको उनले बताए ।

इन्जिनियर चौधरीलाई सम्मानपूर्वक विद्युत जडान गर्न मात्र लागेको विषयलाई लिएर कार्यालय प्रमुख साहले इन्जिनियर चौधरीलाई कुटपिट गरेको र अपहरण गरी लागेको भनी झूठा आरोप लगाएको उनले बताए ।

उनले भने मीटरको बहाना बनाएर प्राद्यिकरण कार्यालय प्रमुख साहले प्रख्यात महोत्सवलाई असफल गर्न खोज्दा आफूहरुले यस्तो नगर्न रोकको मात्र थियौं ।

तर कार्यालय प्रमुख साहले आरोप लगाए जस्तो आफूहरु इन्जिनियर चौधरीलाई कुटपिट तथा अपहरण गरेका थिएनौं, जनतालाई भ्रमित गर्न गतल हल्ला फैलाएको हो ।

मौलापुर नगरपालिकाले नगर भरी विद्युत निःशुल्क गरेको अवस्थामा मीटर लगाएर मात्र विद्युत प्रयोग गर्न आफूहरु भन्दा आयोजकले कर्मचारी कुटेको लगाएको आरोप झूठा, भ्रामक, गलत र कपोकल्पित रहेको उनले बताए ।

आफूहरुलाई महोत्सवको लागि विद्युत प्रयोग गर्न मीटर लगाउन कार्यालय कहिलै नभनेको र मीटरको झूठा आरोप लगाई नगरपालिकालाई बद्नाम गर्ने कार्य गर्ने हाकिम साहलाई आवश्यक कार्यवाही गर्न उनले माग गरे । झूठा विज्ञप्ति निकालेर नगरपालिकालाई बदनाम गर्ने कार्यालय प्रमुख साहलाई हदैसम्मको कारवाही गर्न उनले प्रशासनसँग माग गरेका छन् ।

प्रशासनले उनलाई कार्यवाही नगरे आफूहरु जनकार्यवाही गर्न बाध्य हुने उनले चेतावनी समेत दिएका छन ।

## कर्मचारीहरुलाई कारवाहीको माग

रौतहटको मौलापुरमा आयोजना गरिएको मधानी महायज्ञलाई असफल बनाउन खोज्ने मौलापुर विद्युत प्राधिकरणका कर्मचारीहरुलाई कारवाहीको माग गरिएको छ ।

मौलापुर नगरपालिकाकी प्रमुख रिना कुमार साहले उपराष्ट्रपतिको उपस्थितिमा आयोजित मौलापुर स्थित मधानी महायज्ञको उद्घाटन कार्यक्रममा विद्युत प्राधिकरण वितरण शाखा मौलापुर रौतहटका प्रमुख अरुण कुमार साहले विद्युत लाईन अवरुद्ध गरी मधानी महायज्ञलाई प्रभावित बनाउन खोजेको बताएका छन् ।

नगर प्रमुख साहले कारवाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालय रौतहटलाई लेखेको पत्रमा प्राधिकरणका मौलापुर वितरण केन्द्रका प्रमुख अरुणकुमार साहले लाईन काटेको सम्बन्धमा सोधपुछ गर्दा उल्टै कार्यक्रम स्थलमा केही अपराधिक झुण्डहरु आएर अनावश्यक गाली गलौज गरेको हुँदा अरुण कुमार साह लगायत धार्मिक स्थलमा आतंक मच्चाउने व्यक्तिहरुलाई कानुन अनुसार कारवाही गर्न माग गरिएको छ ।

यता स्थानिय वासिन्दाले धार्मिक आस्थामाथि विद्युत प्राधिकरणका कर्मचारीहरुले खेलवाड गरेको भन्दै दोषी कर्मचारीलाई कारवाही नभए आफूहरुले जनकारवाही गर्ने समेत चेतावनी दिएका छन । विद्युत लाईन चोर्नेहरुसँग मासिक नजराना असुल्ने प्राधिकरणले महोत्सवमा नयाँ लाईन जडान गर्न गरिएको आग्रहलाई वेवास्ता गरी धार्मिक आस्था माथि नै चुनौती दिएको भन्दै स्थानिय वासिन्दा आक्रोशित भएका छन ।

# कानुन व्यवसायी महिलाहरुको राष्ट्रिय सम्मेलनको तयारी पुरा



मधेशदृष्टि

वीरगञ्ज, ९ फागुन ।

आगामी फागुन १२, १३ र १४ गते बीरगंजमा आयोजना हुने कानुन व्यवसायी महिलाहरुको ३० औँ राष्ट्रिय सम्मेलनको सम्पूर्ण तयारी पुरा भएको छ ।

नेपाल बार एशोसिएशन पर्साको आयोजनामा हुने सम्मेलनको बारेमा मंगलवार पत्रकार सम्मेलनको आयोजना गरी सोको जानकारी गराईएको हो ।

पेशागत उत्कृष्टता हाम्रो प्रतिवद्धता भन्ने मुल नाराका साथ पहिलो पटक कानुन व्यवसायी महिलाहरुको सम्मेलन वीरगंजमा हुन गई रहेको नेपाल बार एशोसिएशनका केन्द्रिय उपाध्यक्ष सुधिर कर्णले पत्रकार सम्मेलनमा बताएका छन् ।

उच्च अदालतको अस्थायी ईजलाश वीरगञ्जको सभाहलमा आयोजित पत्रकार सम्मेलनमा उनले देशभरिमा २२ हजार कानुन ब्यवसायी रहेको भएपनि मधेस प्रदेशमा १५ जना मात्रै कानुन ब्यावसायी महिला रहेको बताए ।

पत्रकार सम्मेलनमा उच्च अदालत बार एशोसिएशनका अध्यक्ष विशाल चौधरी, पर्सा जिल्ला अदालत बार एशोसिएशनका अध्यक्ष कमल मोहन पोखरेल, वरिष्ठ अधिवक्ता दिपक राज भंडारी, पर्सा बारका पूर्वअध्यक्ष राजनाथ ठाकुर लगायतको उपस्थिती रहेको थियो ।




# भन्सारद्वारा ६ महिनामै १९ अर्ब भन्दाबढि राजश्व असुल

मधेशदृष्टि

वीरगञ्ज, ९ फागुन । बीरगंजको दोश्रो भन्सारको रुपमा रहेको सिर्सिया सुख्खा बन्दरगाह भन्सार कार्यालयले चालू आर्थिक बर्षको ६ महीनामा १९ अर्ब ८२ करोड १६ लाख ५५ हजार राजस्व असुल गरेको छ ।

सुख्खा बन्दुगाहर भन्सार कार्यालयले भारत लगायत तेश्रो मुलकबाट आयात गरेको सामानबाट १९ अर्ब ८२ करोड २३ लाख ४७ हजार रुपैया र नेपालबाट भारत तथा तेश्रो मुलुकमा निर्यात गरेको सामानबाट ६ लाख ९२ हजार गरी १९ अर्ब ८२ करोड १६ लाख ५५ हजार राजस्व सङ्कलन गरेको सुख्खा बन्दरगाह भन्सार कार्यालयका सूचना अधिकृत सन्तोष न्यौपानेले जानकारी दिएका छन् ।



उनले गत आर्थिक बर्ष २०७७/७८ मा सुख्खा बन्दरगाह भन्सार कार्यालयले ५२ अर्ब चार करोड ९९ लाख राजस्व सङ्कलन लक्ष्य रहेकोमा ४९ अर्ब ४३ करोड ६५ लाख राजस्व सङ्कलन भएको जानकारी दिए । रेल्वे सेवा मार्फत सामानको आयात निर्यात गर्ने सिर्सिया सुख्खा बन्दरगाह भन्सारबाट अहिले तोरी लगायतका तेलहनबालीहरु युक्रेन, अस्ट्रेलिया, माल्डोवा, क्यानडाबाट आयात हुने गरेको छ भने स्पन्ज, आइरन, वायर रड, इनक्वाल, फलामको बिलेट लगायतका औद्योगिक कच्चा पदार्थ भारतबाट आयात हुदै आएको छ। त्यसैगरी, विदेशी मदिराहरु बेलायत, स्वीडेन, आयरल्यान्ड, स्पेन, ब्रजील, फ्रान्स, युएईबाट आयात हुने गरेको छ । औद्योगिक कच्चा पदार्थ तथा दैनिक उपभोग्य सामग्री सहित लत्ताकपडा समेत भारत, चीन, कोरिया, थाइल्यान्ड, बंगलादेशबाट आयात हुने गरेको न्यौपानेले बताए । नेपालबाट पोलिस्टर धागो, पास्ता, चाउचाउ, अचार, च्युरा, मसला, विभिन्न ब्राण्डका मदिराहरु बियर, भोडका, ह्वीस्की लगयात रेडिमेड गार्मेन्ट, हैन्डीक्राफ्ट, पेन्टेड फ्ल्याग रोल युएस, अस्ट्रेलिया, टर्की, युके, जापान, इन्डोनेशिया, युएई र इटलीमा निर्यात हुने गरेको सुचना अधिकारी न्यौपानेले बताए । बीरगंज स्थित सिर्सिया सुख्खा बन्दरगाह भन्सार कार्यालयमा भारतको विशाखापट्टनम र कोलकाता बन्दरगाहबाट तेश्रो मुलुकका मालसामानहरु आयात हुने गरेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.–२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल